# राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको द्रुततर निर्माण तथा विकासका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक

**प्रस्तावना** : राष्ट्रिय प्राथमिकता प्राप्त पूर्वाधार संरचना सम्बन्धी आयोजना द्रुततर रुपमा निर्माण गरी आर्थिक वृद्धिलाई तिब्रता दिन, त्यस्ता आयोजनाको समयबद्ध, सहज र प्रभावकारी कार्यान्वयनबाट उच्चतम प्रतिफल प्राप्त गरी दिगो विकास र समृदिको लक्ष्य हासिल गरी सर्वसाधारणको आर्थिक हित र सुविधा कायम राख्न वाञ्छनीय भएकोले,

सङ्घीय संसदले यो ऐन बनाएको छ ।

## परिच्छेद -१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस ऐनको नाम "राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको द्रुततर निर्माण तथा विकास सम्बन्धी ऐन, २०७५" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रारम्भ भएको मितिले दश वर्षको अवधिसम्म बहाल रहनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) "आयोजना" भन्नाले सङ्घीय कानून बमोजिम सम्भाव्यता अध्ययन भईसकेका वा राष्ट्रिय योजना आयोगको राष्ट्रिय आयोजना बैङ्कमा समावेश भएका देहायका आयोजनामध्ये दफा ३ बमोजिम छनौट भएका राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना वा परियोजना सम्झनु पर्छ :-

(१) देहाय बमोजिमको सडकः-

(क) कम्तीमा पचास किलोमिटर लम्बाईको दुई लेनको सडक,

(ख) कम्तीमा पच्चीस किलोमिटर लम्बाई भएको कम्तीमा चार लेनको सडक,

(ग) कम्तीमा दुई किलोमिटर सुरुङ्ग मार्ग भएको सडक ।

(२) अन्तर्राष्ट्रिय नागरिक उड्डयन सेवा प्रदान गर्ने विमानस्थल,

(३) कम्तीमा दुई सय मेगावाट जडित क्षमताको विद्युत उर्जा उत्पादन गर्ने प्लान्ट तथा त्यसको संरचना,

(४) दुई सय बीस किलोभोल्ट (के.भी.) वा सोभन्दा बढी क्षमताको विद्युत प्रसारण लाईन र सोको सबस्टेशन,

(५) कम्तीमा एक सय किलोमिटर लम्बाईको रेलमार्ग वा कम्तीमा पाँच किलोमिटर लम्बाईको भूमिगत रेलमार्ग,

(६) बीस हजार हेक्टर भन्दा बढी सिँचित क्षेत्र भएको सिँचाई संरचना,

(७) प्रतिदिन दश करोड लिटर भन्दा बढी पानी आपूर्ति गर्ने खानेपानी सुविधाको संरचना,

(८) जटिल तथा अत्याधुनिक प्रविधि (स्टेट अफ आर्ट) प्रयोग गरी विकास तथा निर्माण हुने अन्य कुनै पूर्वाधार वा संरचना,

(९) माथिका उपखण्डहरुमा उल्लेख भएकोमा बाहेक पच्चीस अर्ब रुपैया वा सोभन्दा बढी लागतमा कार्यान्वयन हुने कुनै पूर्वाधार संरचना वा आयोजना ।

(ख) “आयोजना कार्यान्वयन” भन्नाले आयोजनाको विस्तृत इन्जिनियरिङ्ग डिजाइन, सिभिल संरचनाको निर्माण, मेशिनरी तथा उपकरणको जडान सम्झनु पर्छ र सो शब्दले आयोजना कार्यान्वयन गर्न आवश्यक अन्य कुनै निर्माण, आपूर्ति, जडान वा त्यस्तै प्रकृतिका कामलाई समेत जनाउँछ ।

(ग) "आयोजना कार्यान्वयन समय तालिका" भन्नाले दफा ६ को उपदफा (१) बमोजिम निर्धारण भएको आयोजना कार्यान्वयन समय तालिका (प्रोजेक्ट इम्प्लिमेन्टेशन टाइम शेड्यूल) सम्झनु पर्छ ।

(घ) "आयोजना कार्यालय" भन्नाले दफा ४ को उपदफा (२) बमोजिमको कुनै निकाय सम्झनु पर्छ ।

(ङ) “करार” भन्नाले आयोजना कार्यान्वयन गर्न आयोजना कार्यालयले निर्माणकर्ता, वस्तु आपूर्तिकर्ता, परामर्शदाता वा अन्य व्यक्तिसँग गरेको सम्झौता सम्झनु पर्छ ।

(च) “कार्यकारी निर्देशक” भन्नाले दफा ३३ बमोजिम नियुक्त कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(छ) “तोकिएको” वा “तोकिए बमोजिम” भन्नाले यस ऐन अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।

(ज) "निर्देशक समिति" भन्नाले दफा १९ बमोजिमको उच्चस्तरीय आयोजना निर्देशक समिति सम्झनु पर्छ ।

(झ) “निर्माणकर्ता” भन्नाले आयोजना निर्माण गर्नका लागि दफा ११ वा १३ बमोजिम छनौट भएको व्यक्ति सम्झनु पर्छ ।

(ञ) “प्रस्ताव” भन्नाले दफा ११ बमोजिम पेश भएको प्रस्ताव सम्झनु पर्छ ।

(ट) “प्रस्तावक” भन्नाले दफा ११ बमोजिम प्रस्ताव पेश गर्ने व्यक्ति सम्झनु पर्छ ।

(ठ) “मन्त्रालय” भन्नाले सम्बन्धित आयोजनाको निर्माण तथा विकाससँग सम्बन्धित नेपाल सरकारको मन्त्रालय सम्झनु पर्छ ।

(ड) “विद्युत उर्जा” भन्नाले जलस्रोत, खनिज तेल, वायु, ग्याँस, सौर्यशक्ति, जैविक पदार्थ, फोहोरमैलाको परिचालन वा अन्य कुनै स्रोतबाट उत्पादन हुने उर्जा सम्झनु पर्छ ।

(ढ) “स्थानीय तह” भन्नाले गाउँपालिका वा नगरपालिका सम्झनु पर्छ ।

## परिच्छेद -२

## आयोजनाको छनौट तथा कार्यान्वयन

३. **आयोजनाको छनौट** : (१) मन्त्रालयले कुनै आयोजनालाई राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनाको रुपमा छनौट गरी यस ऐन बमोजिम कार्यान्वयन गर्न निर्देशक समिति समक्ष सिफारिस गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मन्त्रालयले सिफारिस गर्दा त्यस्तो आयोजना आर्थिक तथा प्राविधिक रुपमा सम्भाव्य, वातावरणीय रुपमा दिगो, कार्यान्वयन योग्य, मुलुकको लागि अति आवश्यक रहेको तथ्य सहित सिफारिस गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम पेश भएको सूचना र तथ्यको आधारमा निर्देशक समितिले त्यस्तो आयोजना यस ऐन बमोजिम कार्यान्वयन गर्ने वा नगर्ने निर्णय गर्नेछ ।

४. **<u>आयोजनाको कार्यान्वयन</u>** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३ को उपदफा (३) बमोजिम आयोजना कार्यान्वयन गर्ने निर्णय भई आयोजना कार्यान्वयन गर्दा यस ऐन बमोजिमको कार्यविधि अवलम्बन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन गर्दा मन्त्रालयले देहायको कुनै कार्यालयलाई त्यसको जिम्मेवारी तोकी कार्यान्वयन गर्नु पर्नेछ :-

(क) आफ्नो मातहतमा रहेको कुनै आयोजना कार्यालय, सङ्गठित संस्था वा प्रस्तावित आयोजना कार्यान्वयनका लागि नेपाल सरकारले स्थापना गर्ने कुनै सङ्गठित संस्था,

(ख) नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको एकल वा संयुक्त रुपमा पूर्ण वा अधिकांश स्वामित्व भएको सङ्गठित संस्था,

(ग) खण्ड (क) वा (ख) बमोजिमका संस्थाको पूर्ण वा अधिकांश स्वामित्व रहेको कुनै सङ्गठित संस्था,

(घ) आयोजनासँग सम्बन्धित विषयमा कुनै मित्र राष्ट्रसँग भएको सम्झौता बमोजिम स्थापित कार्यालय वा एकाइ ।

(३) यस दफा बमोजिम आयोजना कार्यान्वयन गर्दा देहायको खरिद विधि मध्ये कुनै विधि अवलम्बन गर्न सकिनेछ :-

(क) संरचनात्मक वा एकाइ दरमा आधारित (युनिट बेस्ड) करार,

(ख) डिजाइन तथा निर्माण करार,

(ग) इन्जिनियरिङ्ग प्रोक्यूरमेन्ट (इपिसी) करार,

(घ) इन्जिनियरिङ्ग प्रोक्यूरमेन्ट कन्स्ट्रक्शन एण्ड फाइनान्सिङ्ग (इपिसिएफ) करार,

(ङ) टर्न की करार,

(च) अन्तरसरकारी सम्झौता अन्तर्गत हुने निर्माण करार।

(४) मन्त्रालयले उपदफा (३) मा उल्लिखित खरिद विधिमध्ये सो उपदफाको खण्ड (ग) वा (घ) मा उल्लिखित विधि अवलम्बन गर्नु अघि नेपाल सरकार, अर्थ मन्त्रालयको सहमति लिई नेपाल सरकारको स्वीकृति लिनु पर्नेछ ।

(५) मन्त्रालयले उपदफा (३) बमोजिमको खरिद विधि अवलम्बन गर्दा नेपाल सरकारको स्वीकृति प्राप्त गर्नु पर्नेछ।

(६) उपदफा ( ३) बमोजिमको खरिद विधी सम्बन्धी व्यबस्था तोकिए बमोजिम हुनेछ

५. **<u>आयोजनाको मूल्याङ्कन</u>** : (१) विस्तृत आयोजना प्रतिवेदन तयार नभएको आयोजना भए आयोजना कार्यालयले आयोजनाको विस्तृत आयोजना प्रतिवेदन तयार गरी मन्त्रालय समक्ष पेश गर्नेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कार्यान्वयन हुने आयोजनाको हकमा सम्बन्धित निर्माणकर्ताले पेश गरेको विस्तृत आयोजना प्रतिवेदनमा आयोजना कार्यालयले आफ्नो कुनै राय वा सुझाव भए सो सहित मूल्याङ्कनका लागि मन्त्रालय समक्ष पेश गर्नु पर्नेछ ।

(३) उपदफा (१) वा (२) बमोजिम पेश भएको विस्तृत आयोजना प्रतिवेदन तथा त्यससँग सम्बन्धित डिजाइन, स्पेशिफिकेशन तथा प्राविधिक, वित्तीय, सामाजिक र वातावरणीय पक्षको मूल्याङ्कन गरी प्रतिवेदन पेश गर्न मन्त्रालयले आयोजनाको प्रकृति अनुसार कम्तीमा एकजना उच्च दक्षता प्राप्त प्राविधिक विशेषज्ञ, आवश्यकता अनुसार वित्त विश्लेषण विशेषज्ञ तथा सामाजिक तथा वातावरण विशेषज्ञ समेत रहेको एक मूल्याङ्कन समिति गठन गर्नेछ ।

(४) उपदफा (३) बमोजिमको मूल्याङ्कन समितिको सिफारिसमा मन्त्रालयले डिजाइन स्वीकृत गर्नु पर्नेछ

(५) उपदफा (४) बमोजिम डिजाइन स्वीकृत भए पछि मन्त्रालयले दफा ४ को उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कार्यान्वयन हुने आयोजनाको विस्तृत आयोजना प्रतिवेदन स्वीकृतिको लागि नेपाल सरकार समक्ष पेश गर्नेछ र सो उपदफाको अन्य खण्ड बमोजिम कार्यान्वयन हुने आयोजनाको विस्तृत परियोजना प्रतिवेदन मन्त्रालयले स्वीकृत गर्नेछ ।

६. **<u>कार्यान्वयन तालिका निर्धारण गर्नु पर्ने</u>** : (१) मन्त्रालयले आयोजना कार्यालयको सिफारिसमा आयोजना कार्यान्वयन पूरा गरी सक्नु पर्ने दिन यकिन गरी आयोजना कार्यान्वयन समय तालिका (प्रोजेक्ट इम्प्लिमेन्टेशन टाइम शेडयूल) निर्धारण गरी स्वीकृत गर्नु पर्नेछ र सोको जानकारी निर्देशक समितिलाई दिनु पर्नेछ ।

(२) आयोजना कार्यान्वयन समय तालिकामा आयोजना कार्यान्वयन गरिसक्नु पर्ने कुल अवधिको कार्य तालिकाका अतिरिक्त प्रत्येक बर्ष गरी सक्नु पर्ने कामको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिमको विवरणमा अन्य कुराको अतिरिक्त प्रत्येक चार महिनामा निर्माणकर्ताले आयोजना कार्यान्वयनका लागि सम्पादन गरिसक्नु पर्ने कामको

विवरण, जिम्मेवार व्यक्ति र कार्यसम्पादनबाट हासिल हुनुपर्ने उपलब्धिको विवरण समेत उल्लेख गर्नु पर्नेछ ।

(४) आयोजना कार्यान्वयन समय तालिका बमोजिम कार्यसम्पादन गरी आयोजना कार्यान्वयनको उपलब्धि हासिल गर्नु आयोजना कार्यालय, सुपरीवेक्षक इञ्जिनियर, निर्माणकर्ता र कार्यकारी निर्देशकको कर्तव्य हुनेछ ।

(५) आयोजना कार्यान्वयन समय तालिका सुपरीवेक्षक, इञ्जिनियर तथा निर्माणकर्तासँग हुने करारको अभिन्न अङ्ग हुनेछ ।

(६) मन्त्रालयको स्वीकृति बिना आयोजना कार्यान्वयन समय तालिका परिवर्तन हुने छैन ।

७. **आयोजना लाभ वितरण** : (१) यस ऐन बमोजिम आयोजना कार्यान्वयन गर्दा प्राकृतिक स्रोतको प्रयोग, परिचालन वा विकास हुने भएमा आवश्यकता अनुसार त्यस्तो आयोजनाको स्वामित्वको हिस्सा र त्यसबाट प्राप्त हुने लाभको तोकिए बमोजिमको अंश प्रतिफलको रुपमा आयोजना प्रभावित क्षेत्रका स्थानीय तह र स्थानीय समुदायलाई वितरण वा उपलब्ध गराउने कार्यक्रम (स्कीम) लाई आयोजनाको अङ्गको रुपमा कार्यान्वयन गर्नु पर्नेछ ।

(२) आयोजना प्रभावित क्षेत्रका स्थानीय तह र स्थानीय समुदायलाई वितरण वा उपलब्ध गराउने प्रतिफल वा सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम आयोजना कार्यान्वयन गर्दा आयोजनाको लागि आवश्यक जग्गा प्राप्त गरेको कारणले मात्र प्राकृतिक स्रोतको प्रयोग, परिचालन वा विकास गरेको मानिने छैन ।

८. **आयोजना कार्यान्वयन प्रारम्भ गर्नु पर्ने** : (१) कुनै विशेष आयोजनाको विस्तृत परियोजना प्रतिवेदन, प्रचलित कानून बमोजिमको वातावरणीय अध्ययन प्रतिवेदन, जग्गा प्राप्ति, पुनर्वास तथा पुनर्स्थापना योजना सम्बन्धी प्रतिवेदन तयार नगरिएको भए आयोजना कार्यालयले तोकिएको अवधिभित्र राष्ट्रिय योजना आयोगको मापदण्ड अनुसार त्यस्ता विषयका विस्तृत प्रतिवेदन तयार गरी मन्त्रालयमा बुझाउनु पर्नेछ ।

तर दफा ४ को उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कार्यान्वयन हुने आयोजनको हकमा त्यस्तो प्रतिवेदन निर्माणकर्ताले तयार गरी आयोजना कार्यालय मार्फत मन्त्रालयमा बुझाउनु पर्नेछ ।

(२) दफा ६ बमोजिम आयोजना कार्यान्वयन समय तालिका निर्धारण भएपछि निर्माणकर्ताले त्यस्तो समय तालिकामा उल्लिखित अवधिभित्र आयोजनाको कार्यान्वयन प्रारम्भ गरी सम्पन्न गर्नु पर्नेछ ।

(३) मनासिब कारण बिना यस दफा बमोजिम आयोजना कार्यान्वयन प्रारम्भ हुन नसकेमा आयोजना कार्यालयले निर्माणकर्तासँग भएको करार रद्द गर्न सक्नेछ ।

९. **<u>आयोजना कार्यान्वयन विधि</u>** : (१) निर्माणकर्ताले आयोजना कार्यान्वयन समय तालिका बमोजिम आयोजना कार्यान्वयन गर्नु पर्नेछ र प्रत्येक महिनामा आयोजना कार्यान्वयनको प्रगति विवरण आयोजना कार्यालयमा पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम विवरण प्राप्त भएपछि आयोजना कार्यान्वयन भए वा नभएको सम्बन्धमा आयोजना कार्यालयले नियमित रुपमा सुपरीवेक्षण, अनुगमन वा निगरानी गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको प्रतिवेदनबाट वा उपदफा (२) बमोजिम सुपरिवेक्षण, अनुगमन वा निगरानी गर्दा आयोजनाको कार्यान्वयन आयोजना कार्यान्वयन समय तालिका बमोजिम भएको नदेखिएमा आयोजना कार्यालयले निर्माणकर्ताबाट तोकिए बमोजिम स्पष्टीकरण माग गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश गरेको स्पष्टीकरण सन्तोषजनक देखिएमा आयोजना कार्यालयले त्यस चौमासिक अवधिभित्र सम्पन्न गर्न बाँकी रहेको काम समेत अर्को चौमासिक अवधिभित्र सम्पन्न गर्ने गरी अनुमति दिन सक्नेछ ।

(५) उपदफा (३) बमोजिम स्पष्टीकरण माग गर्दा स्पष्टीकरण पेश नगरेमा वा पेश भएको स्पष्टीकरण सन्तोषजनक नदेखिएमा तथा मनासिब कारण बिना वा निर्माणकर्ताको लापरबाही वा हेलचेक्रयाँईबाट आयोजना कार्यान्वयनमा अनावश्यक ढिलाई भएको देखिएमा त्यसको वैकल्पिक व्यवस्था गरी ढिलाई भएको अवधि चालु चौमासिक अवधिभित्र समायोजन गर्न आयोजना कार्यालयले सम्बन्धित निर्माणकर्तालाई निर्देशन दिन सक्नेछ ।

(६) उपदफा (४) वा (५) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ४ को उपदफा (३) को खण्ड (ङ) बमोजिम कार्यान्वयन भएको आयोजनाको हकमा सोही प्रयोजनका लागि भएको करार बमोजिम हुनेछ ।

(७) उपदफा (४) बमोजिमको अनुमति वा उपदफा (५) बमोजिमको निर्देशन बमोजिमको काम सम्पन्न नभएमा कार्यकारी निर्देशकले त्यस्तो निर्माणकर्तालाई पाँच लाख रुपैयाँसम्म जरिबाना गरी पूरा नभएको काम अर्को चौमासिकभित्र सम्पन्न गर्न आदेश दिन सक्नेछ ।

(८) उपदफा (७) बमोजिमको आदेश बमोजिम निर्माणकर्ताले काम सम्पन्न नगरेमा कार्यकारी निर्देशकले त्यस्तो निर्माण सम्बन्धी करार अन्त्य गरी आयोजना कार्यान्वयन गर्ने निर्माणकर्तालाई हटाउन सक्नेछ ।

(९) उपदफा (८) बमोजिम करार अन्त्य भएमा सम्बन्धित निर्माणकर्ताले दिएको जुनसुकै जमानत जफत हुनेछ ।

(१०) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (८) बमोजिम करार अन्त्य भएकोमा त्यस्तो निर्माणकर्ताले कुनै किसिमको शोधभर्ना वा क्षतिपूर्ति रकम दावी गर्न पाउने छैन ।

(११) उपदफा (८) बमोजिम करार अन्त्य भएकोमा बाँकी रहेको काम सम्पन्न गर्नका लागि तोकिए बमोजिम वैकल्पिक व्यवस्था गर्नु पर्नेछ ।

## परिच्छेद-३

## आयोजनाको लागत मूल्याङ्कन तथा निर्माणकर्ताको छनौट

१०. **आयोजनाको विवरण सार्वजनिक गर्नु पर्ने** : दफा ५ को उपदफा (५) बमोजिम कुनै आयोजना स्वीकृत भएमा सर्वसाधारणको जानकारीका लागि मन्त्रालयले आफ्नो वेबसाइटमा राख्नु पर्नेछ ।

११. **निर्माणकर्ताको छनौट विधि** : (१) दफा ५ को उपदफा (५) बमोजिम आयोजना स्वीकृत भएपछि त्यसको कार्यान्वयनका लागि निर्माणकर्ता छनौट गर्न आयोजना कार्यालयले कम्तीमा तीस दिन र बढीमा साठी दिनको अवधि तोकी आयोजना कार्यान्वयन प्रस्ताव (प्रोजेक्ट इम्प्लिमेन्टेशन प्रपोजल) आव्हान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यान्वयन प्रस्ताव आव्हान गर्दा अन्य कुराको अतिरिक्त दफा ४ को उपदफा (३) मा उल्लिखित कुन खरिद विधि अपनाउने हो सो विषय, त्यस्तो प्रस्ताव साथ पेश गर्नु पर्ने कागजात वा विवरण र छनौट गर्ने आधार समेत उल्लेख गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गरिएको आव्हान बमोजिम प्रस्ताव पेश गर्न चाहने इच्छुक प्रस्तावकले सोही उपदफा बमोजिम तोकिएको अवधिभित्र आयोजनाको प्राविधिक तथा आर्थिक पक्षको छुट्टाछुट्टै सिलबन्दी खामसहितको प्रस्ताव आयोजना कार्यालयमा पेश गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम पेश भएका आयोजना कार्यान्वयन प्रस्ताव मध्ये प्राविधिक प्रस्ताव तोकिए बमोजिमको कार्यविधि पूरा गरी सम्बन्धित प्रस्तावक वा निजको प्रतिनिधिको रोहबरमा खोल्नु पर्नेछ ।

तर कुनै प्रस्तावक अनुपस्थित भएको कारणले मात्र प्रस्ताव खोल्ने र सो बमोजिमको कारबाहीको प्रकृया अगाडी बढाउन बाधा पर्ने छैन ।

(५) आयोजना कार्यालयले उपदफा (४) बमोजिम खोलिएका प्रस्ताव दफा ५ को उपदफा (३) बमोजिमको मूल्याङ्कन समितिबाट तीस दिनभित्र मूल्याङ्कन गराई

सबैभन्दा उपयुक्त देखिएका बढीमा पाँच प्रस्तावकको प्राविधिक प्रस्ताव छनौट गर्नु पर्नेछ।

(६) उपदफा (५) बमोजिम छनौट नभएका प्राविधिक प्रस्तावका प्रस्तावकलाई तीन दिनभित्र सो कुराको जानकारी दिई सिलबन्दी आर्थिक प्रस्ताव फिर्ता लिन तोकिए बमोजिमको सूचना दिनु पर्नेछ ।

तर विद्युतीय खरिद प्रणालीद्वारा प्रस्ताव पेश गर्ने प्रस्तावदाताको आर्थिक प्रस्ताव फिर्ता हुने छैन ।

(७) आयोजना कार्यालयले उपदफा (५) बमोजिम प्राविधिक प्रस्ताव छनौट गरेपछि त्यस्तो प्रस्ताव पेश गर्ने प्रस्तावकको आर्थिक प्रस्ताव निज वा निजको प्रतिनिधिको रोहबरमा खोल्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम आर्थिक प्रस्ताव खोलिए पछि आयोजना कार्यालयले सबभन्दा कम मूल्यको प्रस्ताव पेश गर्ने प्रस्तावकसँग वार्ता गर्नेछ ।

(९) उपदफा (८) बमोजिमको वार्ता सफल हुन नसकेमा त्यस पछिका कम मूल्य र आकर्षक प्रस्ताव पेश गर्ने प्रस्तावकसँग वार्ता सफल नभए सम्म क्रमशः वार्ता गर्नु पर्नेछ ।

(१०) उपदफा (८) वा (९) बमोजिम प्रस्तावकसँग वार्ता गर्दा आर्थिक रुपमा सबभन्दा बढी किफायति, प्राविधिक रुपमा सबैभन्दा बढी उपयुक्त र सुदृढ तथा वातावरणीय रुपमा सबैभन्दा दिगो हुने गरी प्रस्ताव पेश गर्ने प्रस्तावलाई आयोजना कार्यालयले आकर्षक प्रस्तावकको रुपमा छनौट गर्नेछ ।

(११) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम आयोजना कार्यान्वयन प्रस्ताव आव्हान गर्दा एकजना प्रस्तावकको मात्र प्राविधिक प्रस्ताव छनौट भएको अवस्थामा निजसँग वार्ता गरी निजको आर्थिक प्रस्ताव उपयुक्त देखिएमा निजलाई छनौट गर्न बाधा पर्ने छैन ।

१२. <u>निर्माणकर्ता छनौटका आधार</u> : (१) दफा ११ को उपदफा (१०) वा (११) वमोजिम निर्माणकर्ता छनौट गर्दा दफा ४ को उपदफा (३) को खण्ड (ग) वा (घ) बमोजिम कार्यान्वयन हुने आयोजना भए देहायका विषयलाई समेत तोकिए बमोजिम छनौटका आधारको रुपमा लिनु पर्नेछः-

(क) इञ्जिनियरिङ्ग, प्रोक्युरमेन्ट करार वा इञ्जिनियरिङ्ग प्रोक्युरमेन्ट कन्स्ट्रक्शन एण्ड फाइनान्सिङ्ग करार सफलतापूर्वक कार्यान्वयन गरेको अनुभव,

(ख) इञ्जिनियरिङ्ग, प्रोक्युरमेन्ट कन्स्ट्रक्शन एण्ड फाइनान्सिङ्गका लागि प्रस्ताव गरिएको प्रस्ताव भए दफा १४ को उपदफा (२) मा उल्लिखित विषय,

(ग) प्राविधिक रुपमा आकर्षक डिजाइन र आयोजनाको दिगोपना,

(घ) वातावरणीय रुपमा न्यून क्षति पुऱ्याउने आयोजना,

(ङ) तोकिए बमोजिमका अन्य आधार ।

(२) उपदफा (१) मा लेखिए बाहेक अन्य आयोजनामा निर्माणकर्ताको छनौट प्रचलित कानून बमोजिम हुनेछ ।

१३. **सोझै वार्ता गरी निर्माणकर्ता छनौट गर्न सकिने** : (१) दफा ११ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायका अवस्थामा सम्भावित कुनै निर्माणकर्तासँग सोझै वार्ता गरी छनौट गर्न सकिनेछः-

(क) दफा ११ बमोजिम प्रस्ताव आव्हान गर्दा प्रस्ताव पेश नभएमा वा पेश भएका कुनै पनि प्रस्ताव प्राविधिक रुपमा छनौट हुन नसकेमा,

(ख) नयाँ अवधारणा वा नयाँ प्रविधिमा आधारित आयोजना भएमा।

(२) उपदफा (१) बमोजिम वार्ताबाट आयोजना छनौट गर्नु अघि निर्देशक समितिको स्वीकृति लिनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम बार्ताबाट निर्माणकर्ता छनौट गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१४. **प्रस्तावकले विवरण उल्लेख गर्नु पर्ने** : (१) प्रस्तावकले दफा ११ को उपदफा (३) बमोजिम प्रस्ताव पेश गर्दा आयोजना कार्यालयले आव्हान गरेको प्रस्ताव बमोजिमको विवरण उल्लेख गरी पेश गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको विवरणको अतिरिक्त प्रस्तावकले देहायको विवरण समेत जानकारी गराउनु पर्नेछः-

(क) प्रस्तावकको वित्तीय, प्राविधिक (उपकरण मेशिनरी, औजार आदि) र मानव स्रोत क्षमता,

(ख) प्रस्ताव पेश गर्दाका बखतसम्म प्रस्तावकले विगत सात वर्षमा निर्माण सम्पन्न गरेका पूर्वाधार संरचना सम्बन्धी आयोजनाको विवरण,

(ग) प्रस्ताव पेश गर्दाका बखतसम्म प्रस्तावकले निर्माण गरिरहेका पूर्वाधार संरचना सम्बन्धी आयोजना र त्यस्तो आयोजनाको कार्यान्वयनको स्थिति,

(घ) कुनै आयोजना कार्यान्वयन गर्न नसकेको कारणले प्रस्ताव पेश गर्दाका बखतभन्दा तत्काल अघिको चार वर्षको अवधिमा कारबाहीमा परेको वा कालोसूचीमा परे वा नपरेको सम्बन्धी विवरण,

(ङ) स्थानीय निर्माणकर्तासँग संयुक्त उपक्रम (जोइन्ट भेन्चर) मा प्रस्ताव पेश गरेको भए स्थानीय निर्माणकर्ताको विवरण,

(च) प्रस्ताव पेश गर्दाका बखतसम्मको खण्ड (ङ) बमोजिमका निर्माणकर्ताको सम्बन्धमा खण्ड (क), (ख), (ग) र (घ) बमोजिमको विवरण,

(छ) तोकिए बमोजिमका अन्य आवश्यक विवरण।

(३) उपदफा (२) बमोजिमको विवरण झुट्टा प्रमाणित भएमा प्रस्तावकसँग करार सम्पन्न भइसकेको रहेछ भने पनि आयोजना कार्यालयले जुनसुकै बखत त्यस्तो करार रद्द गरी करार रद्द हुनु अघिसम्म भएको भुक्तानी असुल उपर गर्न सक्नेछ ।

(४) उपदफा (२) को खण्ड (ग) बमोजिम पेश गरेको विवरणमा उल्लिखित आयोजना मनासिब कारण बिना सम्बन्धित करार बमोजिम पूरा गरिसक्नु पर्ने समय सीमाभित्र पूरा नगरेको भएमा त्यस्तो प्रस्तावकको प्रस्ताव छनौटको लागि योग्य हुने छैन ।

(५) उपदफा (२) को खण्ड (घ) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै प्रस्तावक कालोसूचीमा परेकोमा कालोसूचीको लागि निर्धारित अवधि व्यतित भइसकेको वा कालोसूचीबाट निज फुकुवा भइसकेको रहेछ भने त्यस्तो सूचीमा परेको कारणले मात्र कुनै प्रस्तावकको प्रस्ताव अयोग्य भएको मानिने छैन ।

(६) उपदफा (२) को खण्ड (ङ) को प्रयोजनका लागि कम्तीमा पन्ध्र प्रतिशत लगानी वा प्रतिफल बाँडफाँट गर्ने व्यवस्था भएको संयुक्त उपक्रमलाई मात्र संयुक्त उपक्रमको रुपमा स्वीकार गर्न सकिनेछ ।

**१५. <u>आयोजनाको लागत मूल्याङ्कन</u>** : (१) दफा ५ को उपदफा (१) वा (२) बमोजिम पेश भएको विस्तृत आयोजना प्रतिवेदनमा उल्लिखित आयोजनाको लागत रकम र त्यसको लागि लगानी गर्न प्रस्तावित रकम प्रदान गर्ने संस्था तथा लगानीका शर्त तथा बन्देजका सम्बन्धमा मन्त्रालयले अध्ययन गर्नेछ ।

(२) उपदफा (१) बमोजिम अध्ययन गर्दा आयोजना कार्यालयले तयार गरेको वा निर्माणकर्ताले पेश गरेको आयोजनाको कुल लागत, लगानीको स्रोत रकम, विदेशी मुद्रा र नेपाली रुपैयाँको रकमको विवरण र त्यसको अनुपात, आयोजनाको लागि लगानी गर्ने वित्तीय संस्था भए त्यसको विवरण र साँवा रकम, व्याज दर, अन्य कुनै शुल्क भए त्यसको विवरण, भुक्तानी गर्ने तरीका र अवधि लगायतका वित्तीय शर्त समेत अध्ययन गर्नु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम अध्ययन गर्दा आयोजनाको सम्भाव्यता तथा त्यसका लगानीका शर्तहरु उपयुक्त देखिएमा मन्त्रालयले दफा ११ को उपदफा (८) वा (९) बमोजिम प्रस्तावकसँग वार्ता गर्न आयोजना कार्यालयलाई निर्देशन दिनेछ ।

(४) आयोजनाको लागत तथा लगानीका शर्त मूल्याङ्कन सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

१६. **लागत अनुमान, प्रस्ताव र बोलपत्र स्वीकृति** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम आयोजना कार्यान्वयन गर्दा लागत अनुमान, प्रस्ताव र बोलपत्र स्वीकृत गर्ने अधिकार कार्यकारी निर्देशकलाई हुनेछ ।

## परिच्छेद-४

## आयोजना कार्यान्वयन सम्बन्धी संस्थागत व्यवस्था

१७. **आयोजना सुपरीवेक्षक समूह नियुक्त गर्ने** : (१) आयोजनाको विस्तृत डिजाइन र स्पेसिफिकेशन बमोजिम आयोजना कार्यान्वयन भए, नभएको, आयोजनाको सिभिल, मेकानिकल वा विद्युतीय निर्माण भए त्यस्तो कार्य निर्धारित गुणस्तर बमोजिम भए, नभएको वा करार बमोजिम कार्यसम्पादन भए, नभएको यकिन गर्न र आयोजना कार्यालयको तर्फबाट नियमित अनुगमन गर्न आयोजना कार्यालयले आवश्यक सुपरीवेक्षक करारमा नियुक्त गर्नेछ ।

(२) आयोजना कार्यालयले उपदफा (१) बमोजिम सुपरीवेक्षक नियुक्त गर्दा पूर्वाधार संरचना विशेषज्ञ वा निर्माण इञ्जिनियरमध्येबाट आवश्यकताका आधारमा नियुक्त गर्नेछ ।

(३) उपदफा (१) बमोजिम नियुक्त गरिने सुपरिवेक्षकको सेवा सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(४) उपदफा (१) बमोजिम नियुक्त व्यक्तिले आयोजना निर्माण स्थलमा वा आयोजना सम्बन्धी काममा आयोजना कार्यालयको प्रतिनिधिको हैसियतमा कार्यसम्पादन गर्नेछ ।

१८. **विशेषज्ञ समूह गठन गर्ने** : (१) आयोजना कार्यालयले कुनै खास प्रयोजनका लागि आवश्यकता अनुसार विशेषज्ञ समूह गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठन हुने विशेषज्ञ समूहका सदस्यको कार्यक्षेत्र, पारिश्रमिक र सुविधा नियुक्त गर्दाका बखत आयोजना कार्यालयले निर्धारण गरे बमोजिम हुनेछ ।

१९. **आयोजना निर्देशक समिति** : यस ऐन अन्तर्गत कार्यान्वयन हुने आयोजनाको छनौट गर्न, आयोजना निर्माणमा सहयोग पुऱ्याउन, आयोजना कार्यान्वयनमा नीतिगत निर्देशन दिन तथा त्यसको नियमित अनुगमन गरी आयोजना कार्यान्वयनलाई गति दिनका लागि देहाय बमोजिमको एक उच्चस्तरीय आयोजना निर्देशक समिति रहनेछ :-

(क) प्रधानमन्त्री – अध्यक्ष

(ख) नेपाल सरकारको अर्थ मन्त्री – सदस्य

(ग) आयोजना कार्यान्वयनसँग सम्बन्धित नेपाल सरकारका मन्त्री – सदस्य

(घ) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष, – सदस्य

(ङ) नेपाल सरकारको मुख्य सचिव – सदस्य

(च) प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका आयोजनासँग सम्बन्धित सचिव – सदस्य-सचिव

(२) निर्देशक समितिको बैठक प्रधानमन्त्रीले तोकेको स्थान, मिति र समयमा बस्नेछ ।

(३) निर्देशक समितिको बैठकमा आयोजना कार्यान्वयनसँग सम्बन्धित मन्त्रालयका सचिव तथा सम्बन्धित आयोजनाको कार्यकारी निर्देशकलाई आमन्त्रण गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको समितिको बैठक तथा निर्णय सम्बन्धी कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुनेछ ।

२०. **निर्देशक समितिको काम, कर्तव्य र अधिकार** : यस ऐनमा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त निर्देशक समितिको अन्य काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) आयोजनाको कार्यान्वयन स्थिति अध्ययन गरी आवश्यक नीतिगत निर्देशन दिने,

(ख) आयोजनाको अनुगमन गरी निर्धारित अवधिभित्र कार्यान्वयन हुन सक्ने कुरामा सुनिश्चित हुन अपनाउनु पर्ने उपाय र गर्नु पर्ने सुधारका लागि मन्त्रालय वा आयोजना कार्यालयलाई आवश्यक निर्देशन दिने,

(ग) आयोजना कार्यान्वयन गर्न प्रचलित कानून बमोजिम उपलव्ध हुने सुविधाका अतिरिक्त थप सुविधा दिनु पर्ने रहेछ भने त्यस्तो सुविधा उपलव्ध गराउन नेपाल सरकारलाई सिफारिस गर्ने,

(घ) दफा ४ को उपदफा (३) को खण्ड (क) बमोजिमको आयोजनाको हकमा वित्तीय स्रोत पर्याप्त नभए त्यसको व्यवस्थापन गर्न नीतिगत निर्णय गर्ने,

(ङ) आयोजना कार्यान्वयन गर्न आवश्यक नीतिगत सुधार गर्नु पर्ने भए त्यसको लागि नेपाल सरकार समक्ष सिफारिस गर्ने,

(च) तोकिए बमोजिमका अन्य काम गर्ने वा गराउने ।

## परिच्छेद-५

## जग्गा प्राप्ति तथा वातावरण संरक्षण

२१. **जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजना बनाउनु पर्ने** : (१) आयोजना कार्यालयले आयोजना प्रभावित घरपरिवारलाई लक्षित गरी जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजना (स्कीम) तर्जुमा गरी सम्बन्धित आयोजना स्थलको उपयुक्त ठाउँमा सार्बजनिक भेला बोलाई सार्वजनिक गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको भेलामा आयोजनाको लागि प्राप्त गरिने घर जग्गा र अन्य सम्पत्तिको क्षतिपूर्ति र मुआव्जा रकम निर्धारणका लागि अनुमानित प्रति एकाइ मूल्य समेत प्रस्ताव गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको भेलामा नेपाली भाषामा लेखिएको योजनाको सारसंक्षेप आयोजना प्रभावित घरपरिवारलाई उपलव्ध गराउनु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमको भेलाबाट जग्गा प्राप्ति, पुर्नवास वा पुनर्स्थापना योजनाको सम्बन्धमा प्राप्त सुझाव र प्रतिक्रिया समेत सम्बोधन हुने गरी आयोजना कार्यालयले परिमार्जित योजना तयार गर्नु पर्नेछ र त्यस्तो योजना स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजना प्राप्त भएपछि मन्त्रालयले सोको उपयुक्तता परीक्षण गरी उपयुक्त देखिएको त्यस्तो आयोजना पन्ध्र दिनभित्र स्वीकृत गर्नु पर्नेछ ।

(६) आयोजना कार्यालयले आयोजना कार्यान्वयनको लागि जग्गा प्राप्तिको कारबाही गर्दा सोको लागि आवश्यक पर्ने बजेटको व्यवस्था भए पछि मात्र गर्नु पर्नेछ ।

(७) जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजनाको तर्जुमा तथा स्वीकृत गर्ने सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

२२. **वार्ताद्वारा जग्गा प्राप्त गर्ने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम कार्यान्वयन हुने आयोजनाको लागि आवश्यक जग्गा प्राप्त गर्नु परेमा आयोजना कार्यालयले वार्ताबाट जग्गा प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम जग्गा प्राप्त गर्दा आयोजना कार्यालयले सम्बन्धित जग्गाधनी वा जग्गाधनीका प्रतिनिधिसँग प्रत्यक्ष वार्ता गरी जग्गा प्राप्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त गरिने जग्गाको मूल्याङ्कन, क्षतिपूर्ति तथा तत्सम्बन्धी अन्य विषय आयोजना र जग्गाधनी बीच भएको वा हुने सम्झौता र स्वीकृत जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजनामा भएको व्यवस्था बमोजिम हुनेछ ।

(४) यस दफा बमोजिम जग्गा प्राप्त गर्दा आयोजना कार्यालयले जग्गा प्राप्ति गर्न वार्ता प्रारम्भ गरेको मितिले तीन महिनाभित्र पूरा गरिसक्नु पर्नेछ ।

२३. **जग्गा प्राप्ति सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयन गर्न आवश्यक पर्ने जग्गा दफा २२ बमोजिम प्राप्त गर्न नसकिएमा आयोजना कार्यालयले दफा २१ बमोजिम जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजना बनाई जग्गा प्राप्तिको लागि नेपाल सरकारलाई अनुरोध गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम आयोजना कार्यालयबाट अनुरोध भई आएकोमा नेपाल सरकारले जुनसुकै जग्गा जुनसुकै बखत प्राप्त गर्न सक्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त हुने जग्गाको मुआब्जा र क्षतिपूर्ति रकम निर्धारण गर्नको लागि देहाय बमोजिमको एक क्षतिपूर्ति निर्धारण समिति रहनेछ :-

(क) सम्बन्धित प्रमुख जिल्ला अधिकारी
– संयोजक

(ख) सम्बन्धित जिल्ला समन्वय समितिको प्रमुख वा निजले तोकेको सदस्य
– सदस्य

(ग) प्राप्त गरिने जग्गा रहेको सम्बन्धित गाउँकार्यपालिकाको अध्यक्ष वा नगरकार्यपालिकाको प्रमुख वा निजले तोकेको प्रतिनिधि
– सदस्य

(घ) सम्बन्धित मालपोत अधिकृत
– सदस्य

(ङ) कार्यकारी निर्देशक वा निजले तोकेको अधिकृत
– सदस्य

(४) उपदफा (३) बमोजिमको समितिले मुआब्जा र क्षतिपूर्ति रकम निर्धारण गर्दा देहायका विषयलाई आधार लिनेछ :-

(क) आयोजना कार्यालयले आयोजना प्रभावित घरपरिवारलाई लक्षित गरेर तर्जुमा गरेको जग्गा प्राप्ति, पुनर्वास वा पुनर्स्थापना योजनाको स्वीकृत प्रतिवेदन,

(ख) रजिष्ट्रेशनको प्रयोजनका लागि सम्बन्धित मालपोत कार्यालयले निर्धारण गरेको मूल्य,

(ग) जग्गा प्राप्त गर्ने सूचना प्रकाशन हुनुभन्दा तत्काल अघि कायम रहेको प्रचलित बजार मूल्य,

(घ) जग्गा र जग्गामा रहेको बालीको किसिम र त्यसको प्रचलित बजार मूल्यको आधारमा मूल्याङ्कन गरिएको अनुमानित मूल्य,

तर बाली सम्बन्धित जग्गाधनीले नै प्राप्त गर्न सक्ने अवस्था भएमा त्यस्तो बालीको मूल्याङ्कन गरिने छैन ।

(ङ) जग्गामा कुनै घर, टहरा, पर्खाल रहेको भए त्यस्ता संरचनाहरुको प्रचलित बजार मूल्यको आधारमा मूल्याङ्कन गरिएको अनुमानित मूल्य,

(च) हुर्किसकेका रुख वा फलफूलका रुख भए त्यसको प्रचलित बजार मूल्यको आधारमा मूल्याङ्कन गरिएको अनुमानित मूल्य,

(छ) जुन आयोजनाका लागि जग्गा प्राप्त गर्ने कारबाही प्रारम्भ भएको हो त्यस्तो आयोजनाको जग्गा प्राप्तिका सम्बन्धमा नेपाल सरकारले कुनै निर्देशन जारी गरेको भए त्यस्तो निर्देशन,

(ज) जग्गा प्राप्त गरेको कारणले सो जग्गामा बसोबास गर्ने जग्गाधनी वा मोहीको बसोबास, व्यापार वा व्यवसाय अन्यत्र सार्नु परेको कारणले निजलाई हुन सक्ने सम्भावित हानि नोक्सानीको मनासिब मूल्य ।

(५) उपदफा (३) बमोजिमको समितिले उपदफा (४) बमोजिम मुआब्जा र क्षतिपूर्ति निर्धारण गर्नु अघि आयोजना प्रभावित घरपरिवार वा निजका प्रतिनिधिसँग छलफल गर्ने लगायत मुआव्जा र क्षतिपूर्ति निर्धारणसँग सम्बन्धित अन्य विषयमा थप जानकारी र सुझाव लिन आवश्यक ठानेमा विज्ञहरु समेत रहेको उपसमिति गठन गर्न सक्नेछ ।

(६) उपदफा (४) र (५) बमोजिम प्राप्त सूचना र जानकारीका आधारमा उपदफा (३) बमोजिमको समितिले मुआब्जा र क्षतिपूर्ति रकम निर्धारण गर्नेछ ।

(७) उपदफा (३) बमोजिमको समितिले मुआब्जा र क्षतिपूर्ति रकम निर्धारण गर्दा सम्भव भएसम्म सर्वसम्मतबाट र सो नभएमा बहुमतबाट निर्णय गर्नेछ ।

(८) उपदफा (६) बमोजिम निर्धारण भएको मुआब्जा र क्षतिपूर्ति रकमको दर सम्बन्धित सरोकारवालाको जानकारीका लागि तोकिए बमोजिम सार्वजनिक गर्नु पर्नेछ ।

(९) उपदफा (३) बमोजिमको समितिले निर्धारण गरेको मुआब्जा र क्षतिपूर्ति रकम उपर चित्त नबुझ्ने व्यक्तिले उपदफा (८) बमोजिम क्षतिपूर्ति रकमको दर सार्वजनिक भएको पन्ध्र दिनभित्र कारण र आधार खुलाई त्यस्तो रकम पुनरावलोकनका लागि क्षतिपूर्ति निर्धारण समितिमा निवेदन गर्न सक्नेछ ।

(१०) उपदफा (९) बमोजिम निवेदन परेकोमा उपदफा (३) बमोजिमको समितिले कारण र आधार मनासिब देखेमा मुआब्जा र क्षतिपूर्ति रकममा पुनरावलोकन गर्नेछ ।

(११) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि जग्गा प्राप्त गर्नु पर्ने आयोजनास्थलका कुल जग्गाधनी मध्ये पचास प्रतिशत भन्दा बढी जग्गाधनी वा कुल क्षेत्रफल मध्ये दुई तिहाई क्षेत्रफल भन्दा बढी जग्गाका लागि जग्गा प्राप्त गर्दा

निर्धारण भएको क्षतिपूर्ति रकम भन्दा बढी हुने गरी यस दफा बमोजिम मुआब्जा र क्षतिपूर्ति रकम निर्धारण हुने छैन ।

२४. **<u>क्षतिपूर्ति रकम बुझ्नु पर्ने</u>** : (१) दफा २३ बमोजिम निर्धारण भएको मुआब्जा र क्षतिपूर्ति रकम सम्बन्धित आयोजना कार्यालयले भुक्तानी गर्नेछ र सो प्रयोजनका लागि मुआब्जा र क्षतिपूर्ति रकम बुझिलिन सम्बन्धित जग्गाधनी वा मोही भए मोहीलाई सूचना दिनु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको सूचना प्राप्त गरेको तीस दिनभित्र सम्बन्धित जग्गाधनी वा मोहीले आयोजना कार्यालयमा मुआब्जा र क्षतिपूर्ति रकम दाबी गरी रकम भुक्तानी लिनु पर्नेछ ।

(३) दफा २३ बमोजिम मुआब्जा र क्षतिपूर्ति निर्धारण भई उपदफा (१) बमोजिम सूचना दिएपछि आयोजना कार्यालयले सम्बन्धित जग्गाधनीको स्वामित्वको लगत कट्टा गरी आयोजना कार्यालयको नाममा दाखिल खारेज गर्न सम्बन्धित मालपोत कार्यालयलाई अनुरोध गर्नु पर्नेछ ।

(४) उपदफा (३) बमोजिम लगत कट्टा तथा दाखिल खारेजका लागि अनुरोध भएमा सम्बन्धित मालपोत कार्यालयले सात दिनभित्र लगत कट्टा र दाखिल खारेज गरी त्यसको जानकारी आयोजना कार्यालयलाई दिनु पर्नेछ ।

(५) उपदफा (२) बमोजिमको अवधिभित्र कुनै जग्गाधनी वा मोहीले मुआब्जा र क्षतिपूर्ति रकम बुझी नलिएमा त्यस्तो रकम जग्गाधनी वा मोहीले एक वर्षभित्र जहिले सुकै पनि बुझ्न सक्ने गरी आयोजना कार्यालयमा धरौटी रकम सरह रहनेछ ।

(६) उपदफा (५) बमोजिमको अवधिभित्र सम्बन्धित जग्गाधनी वा मोहीले मुआब्जा र क्षतिपूर्ति रकम बुझी नलिएमा त्यस्तो रकम सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा रहेको धरौटी खातामा जम्मा गर्नु पर्नेछ ।

(७) यस दफा बमोजिमको रकम जग्गाधनी वा मोहीलाई भुक्तानी दिँदा सम्बन्धित जग्गाधनी वा मोहीले रकम भुक्तानीको दाबी गर्दा उल्लेख गरेको निजको नाममा रहेको कुनै वाणिज्य बैङ्कको खाता मार्फत् भुक्तानी दिनु पर्नेछ ।

२५. **<u>आयोजना कार्यान्वयन गर्न बाधा नपर्ने:</u>** (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कसैले दफा २४ बमोजिम मुआब्जा र क्षतिपूर्ति बुझ्न इन्कार गरेको वा निर्धारित अवधिभित्र त्यस्तो रकम नबुझेको कारणले मात्र आयोजना कार्यान्वयन गर्न र क्षतिपूर्ति नबुझ्ने जग्गाधनी वा मोहीको घर, जग्गा, बगैंचामा प्रवेश गर्न र आयोजना कार्यान्वयनका लागि त्यस्तो घर, जग्गा आदि प्राप्त भएको मानी नियन्त्रणमा लिन बाधा पर्ने छैन ।

तर सम्बन्धित व्यक्तिलाई दफा २४ बमोजिम धरौटीमा रहेको मुआब्जा र क्षतिपूर्ति रकम प्राप्त गर्ने अधिकारबाट बञ्चित गरिने छैन ।

(२) आयोजनाको जग्गा प्राप्ति सम्बन्धी कार्यलाई सहजीकरण गर्न सम्बन्धित नापी कार्यालय तथा मालपोत कार्यालयले आयोजना कार्यालयको अनुरोधमा आयोजना कार्यालयको परिसरमा मालपोत कार्यालयको एकाइ राख्नु वा आयोजना कार्यान्वयन स्थलमा डोर खटाउनु पर्नेछ ।

(३) यस ऐन बमोजिम आयोजना कार्यान्वयनको लागि प्राप्त गर्ने जग्गाको दाखिल खारेज नभएको कारणले मात्र त्यस्तो जग्गा अन्य कसैलाई हक हस्तान्तरण गर्न वा कित्ताकाट गर्न पाइने छैन ।

२६. **<u>अन्य सम्पत्ति हटाउनु पर्ने</u>** : (१) दफा २२ वा २३ बमोजिम प्राप्त गरिएको जग्गामा रहेको घर, गोठ, बालीनाली, पर्खाल, रुख, बाँस आदि आयोजना कार्यालयले तोकेको म्यादभित्र साविकका जग्गाधनीले हटाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम घर, गोठ, बालीनाली, पर्खाल, रुख, बाँस आदि नहटाएमा त्यस्तो आयोजना कार्यालयले हटाउन लगाई त्यस्तो बस्तु स्थानीय तहको सम्बन्धित वडाका वडा अध्यक्ष वा कम्तीमा एक जना वडा सदस्यको रोहवरमा लगत कायम गरी सम्बन्धित स्थानीय तहलाई जिम्मा लगाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम घर, गोठ, बालीनाली, पर्खाल, रुख, बाँस आदि हटाउँदा लागेको खर्च सम्बन्धित जग्गाधनीबाट असूल उपर गर्नु पर्नेछ ।

२७. **<u>सरकारी जग्गा उपलव्ध गराउने</u>** : यस ऐन अन्तर्गत आयोजना कार्यान्वयन गर्दा आयोजना निर्माण वा त्यसबाट लाभ वितरण गर्ने प्रयोजनका लागि कुनै सरकारी जग्गा आवश्यक भएमा आयोजनाको प्रयोजनका लागि नेपाल सरकारले त्यस्तो जग्गा लिज वा बहालमा उपलब्ध गराउन सक्नेछ ।

२८. **<u>राइट अफवे को अधिकार</u>** : (१) यस ऐन बमोजिम कुनै आयोजना कार्यान्वयन गर्दा त्यस्तो आयोजनाको लागि आबश्यक पर्ने राइट अफ वेको ब्यबस्था गर्नु पर्दा सरकारी, सार्वजनिक, गुठी, सामुदायिक वा कुनै पनि व्यक्तिको जग्गामा राइट अफ वेको अधिकार प्रयोग गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा आयोजनाले सम्भव भएसम्म सरकारी, सार्वजनिक वा सामुदायिक जग्गाबाट आयोजना डिजाइन तथा कार्यान्वयन गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिमको अधिकार प्रयोग गर्दा उपदफा (२) बमोजिमको जग्गाबाट आयोजना कार्यान्वयन गर्न सम्भव नभई कुनै गुठी वा कुनै व्यक्तिको जग्गा प्रयोग गर्नु पर्ने भएमा मानव बसोबासको सहरी, ग्रामीण वा बस्ती क्षेत्र वा बस्ती विकासको लागि तय भइसकेको क्षेत्र बाहेकको अन्य क्षेत्रबाट आयोजना विस्तार गर्नु पर्नेछ ।

(४) उपदफा (१), (२) र (३) बमोजिम आयोजना विस्तार गर्दा प्रयोग भएको, तानिएको, जडान गरिएको विद्युतीय खम्बा वा तार वा अन्य कुनै उपकरणवाट सम्बन्धित जग्गाधनीलाई त्यस्तो जग्गामा कुनै किसिमको बाली लगाउन, मानव वा पशुको अवागमन गर्न वा कुनै यान्त्रिक वा सवारी साधन चलाउन, बाली लगाउन, त्यसको हेरचाह गर्न र त्यसबाट प्राप्त प्रतिफल सङ्कलन गर्न बाधा नपुग्ने गरी आयोजनाले आवश्यक सुरक्षाका उपायहरुको व्यवस्था गर्नु पर्नेछ ।

(५) आयोजनाले उपदफा (३) बमोजिम विद्युत प्रसारण लाइन विस्तार गरेकोमा त्यस प्रयोजनका लागि राखेको वा उठाइएको खम्बा वा टावरको लागि प्रयोग भएको जग्गा बाहेक अन्य जग्गा प्राप्त गर्नु पर्ने छैन ।

तर आयोजनाले त्यस्तो जग्गामा विद्युत मार्गको अधिकार प्रयोग गरे बापत तोकिए बमोजिमको क्षतिपूर्ति सम्बन्धित जग्गाधनीलाई दिनु पर्नेछ ।

(६) आयोजनाले यस दफा बमोजिम राइट अफ वेको अधिकार प्रयोग गरेको कारणले मात्र त्यस्तो जग्गामा रहेको सम्बन्धित जग्गाधनीको हक, भोग र स्वामित्वमा कुनै असर पर्ने छैन र त्यस्तो जग्गा धितो बन्धक दिन वा कुनै किसिमले बिक्री गर्न, सट्टापट्टा गर्न वा त्यसको कुनै किसिमको हक हस्तान्तरण गर्न बाधा पर्ने छैन ।

तर त्यसरी धितो बन्धक दिएको वा हक हस्तान्तरण गरेको कारणले आयोजनाको यस दफा बमोजिमको अधिकारमा असर पर्ने छैन ।

२९. **वन क्षेत्रको रुख कटान सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयनका लागि आवश्यक पर्ने आयोजना स्थलभित्र पर्ने रुख कटान गर्नु पर्ने भएमा सम्बन्धित वन कार्यालयको समन्वयमा आयोजना कार्यालयले रुख कटान सम्बन्धी सम्पूर्ण विवरणसहितको प्रतिवेदन तयार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको प्रतिवेदन नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयमा पेश गर्नु पर्नेछ र सो मन्त्रालयबाट स्वीकृत भएपछि आयोजना कार्यालयले त्यस्तो प्रतिवेदन र प्रचलित कानून बमोजिम स्वीकृत वातावरणीय अध्ययन प्रतिवेदन बमोजिम आयोजना कार्यान्वयनका लागि जति क्षेत्र र सङ्ख्यामा रुख काट्नु पर्ने हो कम्तीमा त्यति नै क्षेत्र र एक रुख बराबर तीन रुखको सङ्ख्यामा रुख रोप्नको लागि सम्भव भएसम्म आयोजनास्थलको नजिक पर्ने राष्ट्रिय वन क्षेत्रसँग जोडिएको र समान भौगोलिक र पारिस्थितिकीय क्षेत्रमा पर्ने तथा वनको विकास गर्न सकिने भू-बनोट भएको जग्गा वा सोको लागि आवश्यक पर्ने रकम र त्यस्तो जग्गामा पाँच वर्षसम्म रुख हुर्काउन तथा सम्भार गर्नको लागि आवश्यक पर्ने रकम उपलव्ध गराउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त रकम नेपाल सरकारको वन तथा वातावरण मन्त्रालयले सोही प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिम रुख कटान गर्दा सम्बन्धित वन कार्यालय र सामुदायिक वन उपभोक्ता समिति रहेको ठाउँ भए त्यस्तो समितिको रोहवरमा छपान टाँचा लगाई कटान गरी तोकिएको स्थानमा घाटगद्दी गरी सम्बन्धित वन कार्यालयलाई काठ हस्तान्तरण गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम हस्तान्तरण गरिएको काठ सात दिनभित्र सम्बन्धित वन कार्यालयले व्यवस्थापन गर्नु पर्नेछ ।

(६) यस दफा बमोजिमको रुख कटान वा व्यवस्थापन गर्दा लाग्ने खर्च आयोजना कार्यालयले व्यर्होनेछ ।

(७) यस ऐन बमोजिम आयोजनाको डिजाइन र निर्माण गर्दा तथा यस दफा बमोजिम रुख कटान गर्दा सम्भव भएसम्म कमभन्दा कम रुख काटिने र वन क्षेत्रलाई कमभन्दा कम क्षति हुने गरी गर्नु पर्नेछ ।

३०. **वातावरणीय अध्ययन सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत आयोजना कार्यान्वयन गर्दा प्रचलित कानून बमोजिम गर्नु पर्ने वातावरणीय अध्ययन प्रारम्भ गरेको दुई महिनाभित्र सम्पन्न गरी सक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिमा त्यस्तो परीक्षण वा मूल्याङ्कन गर्ने काम सम्पन्न हुन नसक्ने मनासिब कारण भएमा आयोजना कार्यालयले एक महिनामा नबढाई सोको लागि म्याद थप गर्न सक्नेछ ।

(३) उपदफा (१) बमोजिम परीक्षण वा मूल्याङ्कन गर्नको लागि वातावरण सम्बन्धी विशेषज्ञको सेवा लिन सकिनेछ ।

(४) उपदफा (३) बमोजिमका विशेषज्ञको योग्यता वा निजबाट लिइने सेवा सम्बन्धी अन्य व्यवस्था तोकिए बमोजिम हुनेछ ।

(५) यस ऐन बमोजिम कार्यान्वयन गरिने आयोजनाको प्रचलित कानून बमोजिम गरिने वातावरणीय अध्ययन प्रयोजनको लागि राष्ट्रिय प्राथमिकता प्राप्त आयोजना मानिनेछ।

३१. **निर्माण कार्य वातावरण मैत्री हुनुपर्ने** : (१) आयोजना कार्यालयले आयोजना कार्यान्वयन गर्दा वा निर्माण गर्दा वातावरण र विपद् व्यवस्थापन मैत्री हुने गरी गर्न लगाउनु पर्नेछ ।

(२) उपदफा (१) को प्रयोजनको लागि आयोजनाको वरिपरि वृक्षारोपण तथा हरियाली कायम गर्न जैविक इञ्जिनियरिङ्ग (वायो इञ्जिनियरिङ्ग) लगायत अन्य उपयुक्त विधि र उपाय समेत अवलम्बन गर्नु पर्नेछ ।

३२. **सावधानी अपनाउनु पर्ने** : (१) निर्माणकर्ताले आयोजना निर्माण वा कार्यान्वयन गर्दा सर्वसाधारणको जीऊ, ज्यान वा सम्पत्तिमा हुन सक्ने हानि नोक्सानी वा जोखिम निवारणका लागि पूर्वसावधानीका पर्याप्त उपाय अपनाउनुको साथै आयोजनास्थलको आसपास वा वरिपरि रहेको बस्ती, खेतवारी वा संरचनामा यथासक्य कम क्षति हुने गरी सावधानीपूर्वक काम गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम सावधानी अपनाउँदा पनि कसैलाई कुनै क्षति पुगेमा आयोजना कार्यालयले त्यसको मूल्याङ्कन गरी मनासिब क्षतिपूर्ति दिलाउने व्यवस्था गर्नु पर्नेछ ।

तर सोको वीमा गरेको भए सम्बन्धित वीमा कम्पनीबाट क्षतिपूर्ति भराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम क्षतिपूर्ति नपाएको वा क्षतिपूर्ति रकममा चित्त नबुझेको कारणले निर्माण कार्यमा अवरोध गर्न सकिने छैन ।

## परिच्छेद–६

## मानव स्रोत व्यवस्थापन

३३. **कार्यकारी निर्देशक** : (१) यस ऐन बमोजिम आयोजना कार्यान्वयन गर्ने प्रमुख जिम्मेवार अधिकारीको रुपमा एक कार्यकारी निर्देशक रहनेछ ।

(२) उपदफा (१) बमोजिमको कार्यकारी निर्देशक हुनको लागि इञ्जिनियरिङ्ग, पूर्वाधार विकास, निर्माण व्यवस्थापन, व्यवस्थापन वा आयोजना व्यवस्थापन सम्बन्धी विषयमा कम्तीमा स्नातकोत्तर उपाधि हासिल गरेको र आयोजनाको विषयविज्ञता र कार्यान्वयन क्षमता संतोषजनक रहेको ब्यक्ति हुनुपर्नेछः-

(३) कार्यकारी निर्देशकको नियुक्तिका लागि नेपाल सरकारलाई सिफारिस गर्न देहाय बमोजिमको एक सिफारिस समिति रहनेछ-

(क) राष्ट्रिय योजना आयोगको उपाध्यक्ष – संयोजक

(ख) मन्त्रालयको सचिव – सदस्य

(ग) नेपाल सरकारले तोकेको सम्बन्धित क्षेत्रको विषयविज्ञ – सदस्य

(४) उपदफा (३) बमोजिमको समितिले तोकिए बमोजिमको कार्यविधि पूरा गरी वर्णानुक्रमको आधारमा  तीनजना उपयुक्त उमेदवारको नाम  नेपाल सरकारसमक्ष सिफारिस गर्नेछ ।

(५) उपदफा (४) को प्रयोजनका लागि सिफारिस समितिले कम्तीमा एक्काइस दिनको म्याद दिई आवेदनका लागि सार्वजनिक सूचना प्रकाशन गर्नेछ ।

(६) उपदफा (५) बमोजिम प्रकाशन भएको सूचना बमोजिम आवेदन दिने उम्मेदवारले  आयोजना कार्यान्वयनको कार्ययोजना सहितको आयोजना प्रोफाइल उपदफा (३) बमोजिमको सिफारिस समितिमा पेश गर्नु पर्नेछ ।

(७) उपदफा (४) बमोजिम सिफारिस भएको उम्मेदवारहरुमध्येबाट एक जनालाई नेपाल सरकारले सम्बन्धित आयोजनाको कार्यकारी निर्देशकको पदमा नियुक्त गर्नेछ ।

(८) उपदफा (७) बमोजिम नियुक्त भएको कार्यकारी निर्देशकले पाउने पारिश्रमिक र सुविधा त्यसरी नियुक्ति गर्दाका बखत नेपाल सरकारले निर्धारण गरे बमोजिम हुनेछ ।

(९) कार्यकारी निर्देशक आयोजना कार्यालयको पूरा समय काम गर्ने प्रमुख प्रशासकीय पदाधिकारी हुनेछ र आयोजना कार्यान्वयन गर्नु निजको प्रमुख जिम्मेवारी हुनेछ।

(१०) कार्यकारी निर्देशकले यस ऐन तथा दफा ३५ बमोजिमको कार्यसम्पादन करार बमोजिम निजलाई प्राप्त अधिकारको प्रयोग र कर्तव्यको पालना गर्नेछ ।

(११) यस ऐनमा अन्यथा व्यवस्था भएकोमा बाहेक यस ऐन बमोजिम आयोजना कार्यालयबाट गर्नु पर्ने सम्पूर्ण कामको जिम्मेवारी कार्यकारी निर्देशकको हुनेछ ।

३४. **कार्यकारी निर्देशकको कार्य अवधि** : (१) कार्यकारी निर्देशकको कार्य अवधि सामान्यतयाः आयोजना अवधिभरको हुनेछ । आयोजनाको कार्यान्वयन सम्पन्न एवं हस्तान्तरण भएपछि निजको कार्य अवधि स्वतः समाप्त हुनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३५ बमोजिम कार्यसम्पादन करारमा उल्लिखित सूचक बमोजिमको उपलब्धि हासिल हुन नसकेमा नेपाल सरकारले कार्यकारी निर्देशकलाई पदमुक्त गर्न सक्नेछ ।

तर यसरी पदमुक्त गर्नु अघि निजलाई सफाईको मौका दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम कार्यकारी निर्देशक पदमुक्त भएमा वा जुनसुकै कारणले कार्यकारी निर्देशकको पद रिक्त भएमा बाँकी अवधिका लागि दफा ३३ को उपदफा (३), (४), (५), (६) र (७) को प्रक्रिया पुरा गरी अर्को कार्यकारी निर्देशक नियुक्त गर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक वर्ष भन्दा कम अवधि बाँकी रहेको अवस्थामा कार्यकारी निर्देशकको पद रिक्त भएमा नेपाल सरकारले बाँकी अवधिको लागि कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणी वा सो सरहको कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा काम गर्न खटाउनेछ ।

**३५. <u>कार्यसम्पादन करार</u>** : (१) कार्यकारी निर्देशक नियुक्त भएको एक महिनाभित्र आयोजना कार्यान्वयनका सम्बन्धमा सम्बन्धित मन्त्रालयले कार्यकारी निर्देशकसँग कार्यसम्पादन करार गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम हुने कार्यसम्पादन करारमा देहायको विवरण उल्लेख गर्नु पर्नेछ :-

(क) आयोजनाको संक्षिप्त विवरण, कार्यान्वयन गरिसक्नु पर्ने अवधि र मिति,

(ख) आयोजना कार्यान्वयन गर्न कार्यकारी निर्देशकले पूरा गर्नु पर्ने जिम्मेवारी वा सम्पादन गर्नु पर्ने कामको विवरण,

(ग) आयोजना कार्यान्वयनका सिलसिलामा कार्यकारी निर्देशकले प्रयोग गर्न सक्ने अधिकार र पालना गर्नु पर्ने कर्तव्यको विवरण,

(घ) खण्ड (ग) बमोजिमको अधिकार प्रयोग गर्दा निजले प्रयोग गर्ने आर्थिक प्रशासन, कर्मचारी प्रशासन तथा व्यवस्थापन, करार प्रशासन तथा आयोजना व्यवस्थापन सम्बन्धी अधिकारको विवरण,

(ङ) कार्यकारी निर्देशकले प्रत्येक चार महिनामा सम्पादन गर्नु पर्ने कामको विवरण र त्यस सम्बन्धी समय तालिका,

(च) कार्यकारी निर्देशकले पाउने मासिक पारिश्रमिक, सुविधा र सहुलियतको विवरण,

(छ) खण्ड (ख) बमोजिम कार्यसम्पादन भए वा नभएको कुरा निर्धारण हुन सक्ने संयन्त्र र त्यसका सूचकहरु,

(ज) खण्ड (ख) बमोजिम सम्पादन गर्नु पर्ने काम पूर्ण रुपमा सम्पादन भई उपलब्धि हासिल भएमा वार्षिक रुपमा कार्यकारी निर्देशकको खण्ड (च) बमोजिमको पारिश्रमिकमा थप हुने पारिश्रमिक रकम,

(झ) अन्य आवश्यक विषय ।

(३) उपदफा (२) को खण्ड (ख), (ग) र (ङ) बमोजिमको जिम्मेवारी वा कार्यसम्पादन पूरा भए वा नभएको सम्बन्धमा आर्थिक वर्षको प्रत्येक चार महिना पुरा भए पछि मूल्याङ्कन गरिनेछ ।

(४) उपदफा (३) बमोजिम मूल्याङ्कन गर्दा कार्यकारी निर्देशकले वार्षिक वा चौमासिक रुपमा पूरा गर्नु पर्ने जिम्मेवारी वा सम्पादन गर्नु पर्ने काम पूरा नभएमा निजलाई अर्को चौमासिक अवधिसम्म सो काम पूरा गर्न अवसर प्रदान गर्नु पर्नेछ ।

(५) उपदफा (४) बमोजिम दिइएको समयावधिभित्र कार्यकारी निर्देशकले अघिल्लो चौमासिक अवधि र चालु चौमासिक अवधिमा सम्पादन गर्नु पर्ने काम पूरा गर्नु पर्नेछ ।

(६) उपदफा (४) वा (५) बमोजिम पूरा गर्नु पर्ने जिम्मेवारी वा सम्पादन गर्नु पर्ने काम मनासिब कारणबाट सम्पादन हुन नसकेको वा नसकिने भएमा त्यसको कारण र आधार खुलाई त्यस्तो अवधि पूरा हुनु अघि नै कार्यकारी निर्देशकले मन्त्रालयमा निवेदन दिन सक्नेछ ।

(७) उपदफा (५) बमोजिमको अवधिभित्र पनि कार्यसम्पादन हुन नसकेमा वा उपदफा (६) बमोजिम निवेदन नपरेमा वा परेको भए पनि निवेदनमा उल्लिखित कारण र आधार मनासिब नदेखिएमा उपदफा (१) बमोजिम नियुक्त कार्यकारी निर्देशकको करार अन्त्य हुनेछ र निजलाई मन्त्रालयले अवकाश दिनु पर्नेछ ।

३६. **अन्यत्र सरुवा गर्न वा खटाउन नसकिने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि संघीय निजामती सेवा, अन्य सरकारी सेवा वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्वमा रहेको सङ्गठित संस्थाको सेवामा कार्यरत रहेको कर्मचारी यस ऐन बमोजिम कार्यकारी निर्देशक पदमा नियुक्त भएमा वा आयोजना कार्यालयमा काजमा खटिएमा आयोजना कार्यान्वयनको अवधिभर निजलाई सो आयोजनाबाट अन्यत्र सरुवा गर्न वा खटाउन सकिने छैन ।

तर निजको बढुवा भएमा वा निजलाई विभागीय कारबाही गर्नु परेमा सरुवा गर्न बाधा पर्ने छैन ।

३७. **<u>आयोजनाका कर्मचारी</u>** : (१) आयोजनामा आयोजना कार्यान्वयनका लागि आवश्यक सङ्ख्यामा इञ्जिनियरिङ्ग, व्यवस्थापन, कानून, लेखा, आर्थिक प्रशासन र वन तथा वातावरण संरक्षण क्षेत्रसँग सम्बन्धित विशेषज्ञ कर्मचारी रहनेछन् ।

(२) उपदफा (१) मा उल्लिखित कर्मचारीको अतिरिक्त आयोजनामा आयोजना कार्यान्वयनसँग सम्बन्धित अन्य कर्मचारी रहनेछन् ।

(३) उपदफा (१) वा (२) बमोजिमका कर्मचारीहरुमध्ये पचास प्रतिशतसम्म कर्मचारी कार्यकारी निर्देशकले उचित ठहराएको तरिका र शर्तमा करारमा नियुक्त गर्न सक्नेछ ।

(४) उपदफा (३) बमोजिम नियुक्त कर्मचारी निजलाई नियुक्त गर्ने कार्यकारी निर्देशकले चाहेको अवधिसम्म बहाल रहनेछन् र कार्यकारी निर्देशकले जुनसुकै कारणले आफ्नो पदबाट अवकाश पाएमा निजहरुले स्वतः अवकाश पाएको मानिनेछ ।

(५) उपदफा (३) बमोजिम नियुक्त भएका बाहेक पचास प्रतिशत कर्मचारीहरु खुला प्रतिस्पर्धाबाट आयोजना कार्यान्वयनको अवधिभरका लागि करार सेवामा नियुक्त हुनेछन् ।

(६) उपदफा (५) बमोजिम नियुक्त हुने कर्मचारीको प्रत्येक वर्ष करार नवीकरण हुने गरी तोकिए बमोजिम कार्यसम्पादन करार गरिनेछ ।

(७) उपदफा (६) बमोजिम गरिएको कार्यसम्पादन करार बमोजिम काम भए नभएको सम्बन्धमा प्रत्येक वर्ष मूल्याङ्कन गरिनेछ र मनासिब कारण बिना तोकिए बमोजिमको कार्यसम्पादन सूचक हासिल नगरेमा निजको करार स्वतः अन्त्य भएको मानिनेछ ।

(८) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयनको लागि आवश्यक हुने खास प्रकृतिको कार्यसम्पादन गर्ने निजामती वा अन्य सरकारी कर्मचारी कार्यकारी निर्देशकको माग बमोजिम निश्चित अवधिका लागि नेपाल सरकारको सम्बन्धित मन्त्रालयले आयोजना कार्यालयमा काजमा खटाउन सक्नेछ ।

(९) यस दफा बमोजिम नियुक्त हुने कर्मचारीको तलव सुविधा करारमा उल्लेख भए बमोजिम हुनेछ ।

(१०) उपदफा (९) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिम नियुक्त हुने कर्मचारीलाई आयोजनाले कार्यसम्पादनमा आधारित भत्ता र स्थान विशेषको कठिन भत्ता उपलव्ध गराउन सक्नेछ ।

## परिच्छेद–७

## <u>करार प्रशासन सम्बन्धी व्यवस्था</u>

३८. **निर्धारित अवधिभित्र कार्यान्वयन गर्नु पर्ने** : (१) आयोजना निर्माणको सिलसिलामा आयोजना कार्यालयसँग करार गर्ने निर्माणकर्ता वा अन्य पक्षले करारमा उल्लेख भएको अवधिभित्र आयोजना कार्यान्वयन समय तालिका बमोजिमको निर्माण कार्य वा अन्य कार्य पूरा गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र त्यस्तो कार्य पूरा नगरेमा निजले यस परिच्छेद तथा करार बमोजिमको दायित्व निर्वाह गर्नु पर्नेछ ।

३९. **म्याद थप गर्न सकिने** : (१) आयोजना कार्यान्वयनमा संलग्न निर्माणकर्ताले मनासिब कारण देखाई आयोजना कार्यान्वयन समय तालिका बमोजिम चौमासिक अवधिमा सम्पन्न गर्नु पर्ने कार्य सम्पन्न गर्न नसकेमा त्यस्तो कार्य पूरा गर्नका लागि निश्चित अवधि थप गर्न माग गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम अवधि थप गर्न माग गरिएकोमा सम्बन्धित निर्माणकर्ताले आयोजना कार्यान्वयन पूरा गर्न प्रयत्न गर्दा गर्दै पनि काबू बाहिरको परिस्थिति उत्पन्न भएको कारणले आयोजना कार्यान्वयन समय तालिका बमोजिम कार्यसम्पादन हुन नसकेको पुष्टी भएमा निर्माण सम्पन्न गर्नु पर्ने अवधिमा नबढ्ने गरी अर्को चौमासिकभित्र पूरा गर्ने गरी वा आयोजना कार्यान्वयनको अन्तिम वर्ष भए अधिकतम एक वर्षमा नबढ्ने गरी सम्बन्धित मन्त्रालयको स्वीकृति लिई कार्यकारी निर्देशकले म्याद थप गर्न सक्नेछ।

(३) उपदफा (२) बमोजिम थपिएको समयावधिभित्र पनि करार बमोजिमको काम सम्पन्न नगरेमा कार्यकारी निर्देशकले निर्माणकर्तासँग भएको करार अन्त्य गर्नेछ ।

(४) उपदफा (३) बमोजिम करार अन्त्य भएकोमा त्यस्तो निर्माणकर्ता वा निज संलग्न रहेको फर्म, कम्पनी वा कम्पनीको सहायक कम्पनी, निजको एकाघर परिवारका सदस्यको वा निज संलग्न रहेको फर्म, कम्पनी वा निज वा निजको एकाघर परिवारको सदस्य समेत सञ्चालक रहेको संयुक्त उपक्रम (जोइन्ट भेन्चर) लाई दश वर्षसम्म नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहबाट सञ्चालन हुने अन्य कुनैपनि आयोजना निर्माणमा सहभागी हुन नसक्ने गरी कालोसूचीमा राखिनेछ ।

(५) निर्माणकर्तासँग भएको करार उपदफा (३) बमोजिम अन्त्य भएमा निजले आयोजनाको काम पूरा नगरेको कारणले आयोजनाको लागतमा सारभूतमा रुपमा वृद्धि भएमा त्यस्तो वृद्धि भएको लागत रकम सम्बन्धित निर्माणकर्ताबाट असुल उपर गर्नु पर्नेछ।

(६) उपदफा (३) बमोजिम करार अन्त्य भएकोमा सम्बन्धित निर्माणकर्ताले कुनै क्षतिपूर्ति रकम दाबी गर्न पाउने छैन ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापिन सम्बन्धित निर्माणकर्ताले करार बमोजिम सम्पन्न गरेको स्वीकृत काम बापतको रकम दाबी गर्न बाधा पर्ने छैन।

(८) उपदफा (७) बमोजिम निर्माणकर्ताले रकम पाउने भएमा निजबाट उपदफा (५) बमोजिम असुल गर्नु पर्ने रकम असुल गरी बाँकी रकम मात्र त्यस्तो निर्माणकर्तालाई दिनु पर्नेछ ।

४०. **कार्य सम्पन्न भएमा बोनस पाउने** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन बमोजिमका आयोजना कार्यान्वयन गर्दा करार बमोजिमको काम पूरा गर्ने मितिभन्दा अघि नै निर्माणकर्ताले आयोजना कार्यान्वयन गरी काम सम्पन्न गरेकोमा जति अवधि अघि काम सम्पन्न भएको छ त्यसको अनुपातमा करारमा उल्लेख भए बमोजिमको बोनस रकम प्रदान गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम बोनस रकम प्राप्त गर्ने प्रयोजनको लागि निजले आयोजना सम्पन्न हुने दिन भन्दा कम्तीमा एक महिना अघि नै कार्यकारी निर्देशकलाई सो कुराको पूर्वसूचना दिनु पर्नेछ ।

४१. **क्षतिपूर्ति रकम दिनु पर्ने** : (१) निर्माणकर्ताले आयोजना कार्यान्वयन समय तालिका बमोजिम आयोजना सम्पन्न नगरी सम्पन्न गर्नु पर्ने अवधिभन्दा ढिलो काम सम्पन्न गरेमा त्यस्तो निर्माणकर्ताले लिक्वीडेटेड ड्यामेज बापत प्रतिदिन करारमा उल्लेख भए बमोजिमको दरले क्षतिपूर्ति दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम क्षतिपूर्ति भराउने कार्यविधि र क्षतिपूर्ति बापतको अधिकतम रकम करारमा उल्लेख भए बमोजिम हुनेछ ।

४२. **भेरिएसन आदेश** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस ऐन अन्तर्गत निर्माण कार्य, वस्तु आपूर्ति, परामर्श सेवा वा अन्य सेवाको भेरिएसन आदेश जारी गर्ने अधिकार देहाय बमोजिम हुनेछ :-

(क) करार मूल्यको दश प्रतिशतसम्मको भए कार्यकारी निर्देशकले,

(ख) करार मूल्यको बीस प्रतिशतसम्मको भए कार्यकारी निर्देशकको सिफारिसमा मन्त्रालयको सचिवले, र

(ग) खण्ड (ख) मा उल्लेख भएको रकमभन्दा बढीको भेरियसन भए नेपाल सरकार, मन्त्रिपरिषद्ले ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै आयोजना कार्यान्वयन गर्ने दफा ४ को उपदफा (२) को खण्ड (क), (ख) वा (ग) बमोजिमका

सङ्गठित संस्थालाई जिम्मेवारी तोकिएको आयोजनाको हकमा हुने भेरिएशन सम्बन्धमा प्रचलित कानून बमोजिम हुनेछ ।

४३. **आयोजनाको प्रत्याभूति** : (१) यस ऐन बमोजिम निर्माणकर्ताले निर्माण, जडान वा आपूर्ति गरेको भौतिक संरचना, मेशिनरी, उपकरण, यन्त्र, बस्तु, आयोजना प्रणाली वा सेवाको निर्माणकर्ताले कम्तीमा दुई वर्षको प्रत्याभूति (ग्यारेण्टी) दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको अवधिभित्र निर्माणकर्ताले निर्माण गरेको आयोजना, यसको भौतिक संरचना, जडान भएको मेशिन, उपकरण, यन्त्र वा आपूर्ति गरेको वस्तु, सेवा वा प्रणाली बिग्रिएमा, सञ्चालन हुन नसकेका वा त्यसमा कुनै हानि नोक्सानी भएमा निर्माणकर्ताले करारमा उल्लेख भए बमोजिम मर्मत, सम्भार गरी वा अन्य व्यवस्था गरी सञ्चालन गर्नु पर्नेछ ।

## परिच्छेद-८
## आयोजना कार्यान्वयनको सहजीकरण

४४. **ईन्धन वितरणमा प्राथमिकता दिनुपर्ने** : कुनै कारणवश मुलुकमा विद्युत उर्जा आपूर्तिमा कटौती वा पेट्रोलियम पदार्थ आपूर्तिमा अवरोध उत्पन्न भएमा वा आपूर्तिमा सङ्कट देखा परेमा आयोजना कार्यालयको सिफारिसमा उर्जा वा पेट्रोलियम पदार्थ आपूर्ति वा वितरण गर्ने निकायले आयोजना कार्यान्वयनलाई पहिलो प्राथमिकता दिई विद्युत वा पेट्रोलियम पदार्थ उपलव्ध गराउनु पर्नेछ ।

४५. **निर्माण सामग्री उपलव्ध गराउन प्राथमिकता दिनु पर्ने** : प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि कुनै कारणवश स्वदेशमा उत्पादित निर्माण सामग्रीको आपूर्तिमा अवरोध उत्पन्न भएमा आयोजना कार्यालयको सिफारिसमा नेपाल सरकार, नेपाल सरकारको कुनै निकाय वा निजी उद्योग व्यवसायीले पहिलो प्राथमिकता दिई त्यस्ता सामग्री आयोजनालाई उपलब्ध गराउनु पर्नेछ ।

४६. **भन्सार जाँचपास गर्न प्राथमिकता दिने** : आयोजना कार्यान्वयनका लागि पैठारी गर्नु पर्ने आवश्यक मेशिनरी, औजार, उपकरण, सवारी साधन, निर्माण सामग्री, पार्टपूर्जा वा विष्फोटक पदार्थ प्रचलित कानून बमोजिम पैठारी गर्दा आयोजना कार्यालयको अनुरोधमा सम्बन्धित भन्सार कार्यालयले पहिलो प्राथमिकता दिई जाँचपास गर्नु पर्नेछ ।

४७. **विदेशी मुद्राको विनिमयको सुविधा** : (१) यस ऐन बमोजिम कार्यान्वयन हुने आयोजनाको लागि सम्पन्न भएको करार बमोजिम भुक्तानी गर्नु पर्ने वा नेपालभित्र ल्याउने विदेशी मुद्राको कुल रकमको विनिमयका लागि मन्त्रालयको सिफारिसमा नेपाल राष्ट्र बैङ्कले स्वीकृति प्रदान गर्नेछ ।

(२) उपदफा (१) बमोजिम एकपटक स्वीकृत भएको रकमको हदसम्म त्यस्तो रकम भुक्तानी लैजान वा नेपालभित्र ल्याउन आयोजना अवधिभर थप स्वीकृति लिइरहनु पर्ने छैन ।

(३) उपदफा (२) को प्रयोजनका लागि त्यस्तो रकम लैजान वा ल्याउनका लागि आयोजना कार्यालयको सिफारिसमा सम्बन्धित वाणिज्य बैङ्कले अभिलेख राखी रकम लैजान वा ल्याउन सुविधा प्रदान गर्नु पर्नेछ ।

४८. **सहयोग गर्नु पर्ने** : (१) आयोजना कार्यालयले आयोजना कार्यान्वयन गर्न नेपाल सरकार, सम्बद्ध मन्त्रालय, विभाग, प्रदेश सरकार, स्थानीय तह, सम्बन्धित प्रमुख जिल्ला अधिकारी तथा अन्य सम्बन्धित निकायहरुसँग आवश्यक समन्वय वा सहयोगको माग गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम समन्वय वा सहयोग माग भएमा सम्बन्धित मन्त्रालय, विभाग, प्रदेश सरकार, स्थानीय तह, प्रमुख जिल्ला अधिकारी वा निकायले प्राथमिकता दिई आवश्यक समन्वय वा सहयोग गर्नु पर्नेछ ।

(३) आयोजनाको लागि जग्गा प्राप्ति गर्ने, जग्गा नाप नक्सा र स्रेस्ता मिलान गर्ने, वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्ने, राष्ट्रिय वन प्रयोग गर्ने वा रुख कटान गर्न स्वीकृति दिने, आयोजनाको लागि आवश्यक बजेट निकासा दिने, लेखा परीक्षण गर्ने लगायतका काम कारबाहीका सम्बन्धमा आयोजना कार्यालयबाट अनुरोध भई आएमा सम्बन्धित निकायले यथाशीघ्र त्यस्तो काम कारबाही सम्पादन गरी सहयोग गर्नु पर्नेछ ।

(४) आयोजना कार्यान्वयनको सिलसिलामा कुनै किसिमको बाधा, अवरोध वा व्यवधान पुऱ्याएको कारणले कानून र व्यवस्था उल्लङ्घन भएको वा हुन सक्ने अवस्था भएमा आयोजना कार्यालयको अनुरोधमा वा आफ्नै पहलमा सम्बन्धित प्रमुख जिल्ला अधिकारीले आवश्यकता अनुसार सुरक्षाको व्यवस्था गर्नु पर्नेछ ।

४९. **गुणस्तरीय निर्माण सामग्रीको उपयोग** : (१) आयोजनाको निर्माण गर्दा गुणस्तरीय निर्माण सामग्रीको प्रयोग गर्नु पर्नेछ ।

(२) आयोजनाको निर्माण क्षेत्रभित्र निर्माणको सिलसिलामा कुनै स्थानीय निर्माण सामग्री उपलब्ध भएमा आयोजनाले गर्ने निर्माण कार्यमा त्यस्तो निर्माण सामग्री प्रयोग गर्न सक्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि उपदफा (२) बमोजिम उपलब्ध भएको निर्माण सामग्री प्रयोग गरे बापत कुनै पनि मूल्य, शुल्क, कर वा दस्तुर लाग्ने छैन ।

(४) आयोजनाको लागि आवश्यक स्थानीय निर्माण सामग्री आयोजना स्थल आसपास तथा अन्यत्र कुनै स्थानमा उपलव्ध भएमा प्रचलित कानून बमोजिम कर वा दस्तुर तिरी उपयोग गर्न सकिनेछ ।

५०. **श्रम सम्बन्धी व्यवस्था** : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजना कार्यान्वयन समय तालिका तथा समय सीमालाई ध्यान दिई निर्माण कार्यलाई उपयुक्त सिफ्टको व्यवस्था गरी चौबिसै घण्टा निर्माण कार्य सञ्चालन गर्न सकिनेछ ।

(२) उपदफा (१) बमोजिम आयोजनाको निर्माण गर्दा एक सिफ्टमा निर्माण कार्यमा संलग्न श्रमिक वा कामदार अर्को सिफ्टमा अतिरिक्त समयको लागि काममा संलग्न भएमा त्यसरी अतिरिक्त समय काममा लगाए बापत प्रचलित कानून बमोजिम थप पारिश्रमिक दिनु पर्नेछ ।

(३) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजनामा कार्यरत श्रमिक वा कर्मचारी, निर्माणकर्ताले सम्झौता गरेका निर्माण व्यवसायी, आपूर्तिकर्ता र निजका कामदार वा कर्मचारीले आयोजनाको निर्माण अवधिभर कुनै किसिमको हडताल, धर्ना, घेराउ वा आयोजना कार्यान्वयनमा बाधा व्यवधान पुऱ्याउने वा त्यस्तै प्रकृतिका अन्य कुनै विरोध वा असहयोगका काम कारबाही गर्न सक्ने छैनन् ।

(४) उपदफा (३) बमोजिमको काम कारबाही गर्ने श्रमिक, निर्माण व्यवसायी वा आपूर्तिकर्तालाई आयोजनाको कामबाट तत्कालै हटाउन सकिनेछ ।

(५) आयोजनामा कार्यरत कर्मचारी, श्रमिक तथा कामदारलाई काममा लगाउँदाका बखत बीमा लगायत स्वास्थ्य र सुरक्षाका उपलब्ध भएसम्म पर्याप्त उपायको व्यवस्था गर्नु पर्नेछ ।

५१. **अनधिकृत प्रवेशलाई नियमन गर्न सक्ने** : (१) आयोजना निर्माण सम्बन्धी कार्य गर्दा सर्वसाधारणको जीऊ, ज्यान वा सम्पत्तिमा हुन सक्ने हानि नोक्सानी वा जोखिम निवारणका लागि आयोजना कार्यालयले सार्वजनिक सूचना प्रकाशन गरी आयोजनाको निर्माण क्षेत्र वा आयोजनाको परिसरभित्र सर्वसाधारणको प्रवेशलाई नियमन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम सूचना प्रकाशन भएकोमा आयोजना कार्यालयको अनुमति बिना कसैले पनि त्यस्तो क्षेत्र वा परिसरमा प्रवेश गर्न सक्ने छैन ।

५२. **निषेधित क्षेत्र तोक्न सक्ने** : (१) आयोजना कार्यान्वयन गर्दा आयोजना क्षेत्रमध्ये कुनै वा सबै ठाउँमा निषेधित क्षेत्र तोक्नु पर्ने देखिएमा कार्यकारी निर्देशकको सिफारिसमा सम्बन्धित अधिकारीले निषेधित क्षेत्र तोक्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निषेधित क्षेत्र तोकिएको सूचना सर्वसाधारणको जानकारीको लागि सार्वजनिक गर्नु पर्नेछ ।

५३. **करारको अभिन्न अङ्ग हुने** : आयोजना कार्यान्वयन गर्दा निर्माणकर्ता, आपूर्तिकर्ता, परामर्शदाता वा अन्य व्यक्तिसँग गरिने करारमा यस ऐन बमोजिमका प्रावधान त्यस्ता करारमा लागू हुने हदसम्म करारको अभिन्न अङ्गको रुपमा समावेश भएको मानिनेछ ।

## परिच्छेद-९

## निर्माण कार्यको गुणस्तर

५४. **उत्पादन स्थल, प्रोसेसिङ प्लाण्ट वा प्रयोगशाला निर्माण गर्न सक्ने** : (१) कार्यकारी निर्देशकले स्थानीय निर्माण सामग्रीलाई गुणस्तरीय बनाई आयोजनाको निर्माणमा प्रयोग गर्न आवश्यक उत्पादन स्थल, प्रोसेसिङ प्लाण्ट वा प्रयोगशाला स्थापना गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम स्थापना गरिएको उत्पादन स्थल, प्रोसेसिङ प्लाण्ट वा प्रयोगशालाबाट उत्पादित वा प्रशोधित निर्माण सामग्री आयोजनाको काममा बाहेक अन्यत्र प्रयोग गर्न सकिने छैन ।

५५. **आयोजनाको निर्माण विधि र गुणस्तर** : (१) आयोजनाको निर्माण गर्दा त्यसको विस्तृत आयोजना प्रतिवेदनमा उल्लेख भए बमोजिमको डिजाइन, स्टाण्डर्ड, स्पेशिफिकेसन र गुणस्तर कायम हुने गरी गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको गुणस्तर कायम गर्न आयोजना निर्माण सम्बन्धमा उपलव्ध सर्वोत्तम इञ्जिनियरिङ्ग, वातावरणीय, सिभिल निर्माण तथा यान्त्रिक उपकरण जडानको अभ्यासको आधार लिनु पर्नेछ ।

५६. **आयोजना निर्माण सम्बन्धी नर्म्स** : (१) आयोजनाको निर्माण कार्य गर्दा निर्माण कार्य सम्बन्धी प्रचलित कानून बमोजिम निर्धारण भएको नर्म्स बमोजिम हुनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको नर्म्समा नपरेका वा स्पष्ट नभएका नविनतम र उच्च प्रविधिसँग सम्बन्धित विषयमा सम्बन्धित विज्ञको राय लिई समितिले स्वीकृत गरेको निर्माण कार्य सम्बन्धी नर्म्स प्रयोग गर्न सकिनेछ ।

५७. **गुणस्तर र परिमाणको परीक्षण** : (१) आयोजनाको लागि प्रयोग हुने निर्माण सामग्री तथा आयोजनाबाट भएका खरिद कारबाहीहरुको परीक्षण गर्न निर्देशक समितिले विशेषज्ञ सहितको एक उपसमिति गठन गर्न सक्नेछ र त्यस्तो उपसमिति मार्फत कार्यकारी निर्देशकले गुणस्तर वा परिमाणको परीक्षण गराउन सक्नेछ ।

(२) आयोजना कार्यालयले आयोजनाका लागि खरिद भएका सामग्रीको दफा ५४ को उपदफा (१) बमोजिम स्थापना भएका प्रयोगशाला मार्फत परीक्षण गर्न सक्नेछ ।

५८. **आपतकालीन उद्धार सम्बन्धी व्यवस्था** : (१) आयोजना कार्यालयले आयोजना कार्यान्वयनको सिलसिलामा आयोजना क्षेत्र तथा वरपर कुनै दुर्घटना परेमा वा अन्य आपतकालीन स्थिति सिर्जना भएमा तत्काल उद्धार सम्बन्धी कार्यमा मद्दत पुऱ्याउनेछ ।

(२) उपदफा (१) बमोजिम उद्धार सम्बन्धी कार्य गर्दा आवश्यकता अनुसार स्थानीय विपद् व्यवस्थापन समिति तथा सम्बन्धित अन्य निकायसँग समन्वय गरी गर्नु पर्नेछ ।

(३) आयोजना कार्यान्वयनको कारण सृजना भएको आपतकालीन अवस्थामा गरिने उद्धार सम्बन्धी कार्यको आर्थिक दायित्व आयोजना कार्यालयले व्यहोर्नु पर्नेछ ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भए तापनि आयोजनाको निर्माण कार्यको लागि कुनै फर्म, कम्पनी वा निर्माण व्यवसायीसँग सम्झौता गरिएकोमा त्यस्तो फर्म, कम्पनी वा निर्माण व्यवसायीको तर्फबाट आयोजनामा कार्यरत व्यक्तिको उद्धार गर्नु पर्ने अवस्था सिर्जना भएमा सोको लागि सिर्जना हुने आर्थिक दायित्व सोही फर्म, कम्पनी वा निर्माण व्यवसायीले ब्यहोर्नु पर्नेछ ।

## परिच्छेद-१०

## विविध

५९. **गुनासो व्यवस्थापन** : (१) कार्यकारी निर्देशकले आयोजना कार्यान्वयन गर्ने सिलसिलामा स्थानीय समुदाय, स्थानीय तह वा सर्वसाधारण लगायत विभिन्न माध्यमबाट आउन सक्ने गुनासो व्यवस्थापन गर्न आयोजना कार्यालयमा एक गुनासो व्यवस्थापन एकाइको व्यवस्था गर्नु पर्नेछ ।

(२) गुनासो व्यवस्थापन सम्बन्धी अन्य कार्यविधि तोकिए बमोजिम हुनेछ ।

६०. **आयोजना कार्यान्वयनमा अवरोध गर्न नहुने** : (१) आयोजनाको कार्यान्वयन प्रारम्भ भएपछि त्यसको कार्यान्वयनमा बाधा अवरोध हुने गरी कसैले पनि आयोजना स्थल वा त्यसको वरिपरी कुनै किसिमको जुलुस, धर्ना, घेराउ, बन्द वा हडताल गर्न वा गराउन हुँदैन ।

(२) आयोजना कार्यान्वयनको प्रयोजनका लागि कामदार, कर्मचारी, निर्माण सामग्री, मेशिन, उपकरण वा त्यसको पार्टपूर्जा वा इन्धन ओसारपसार वा ढुवानी गर्दा सवारी वा ढुवानी साधनको आवागमनमा कसैले बाधा अवरोध गर्न वा गराउन हुँदैन ।

(३) उपदफा (२) को प्रयोजनका त्यस्तो सवारी वा ढुवानी साधनमा सर्वसाधारणले स्पष्ट देख्ने गरी आयोजनाको प्रयोजनका लागि प्रयोग भएको व्यहोराको सम्बन्धित जिल्ला प्रशासन कार्यालयले जारी गरेको प्रमाणपत्र राख्नु पर्नेछ ।

६१. **प्रवेश वा प्रस्थान विन्दु खोल्न नहुने** : (१) यस ऐन बमोजिम निर्माण भईरहेको कुनै राजमार्ग, द्रुत मार्ग वा त्यसको कुनै सहायक मार्ग वा रेलमार्ग वा सिँचाईको नहर निर्माण गर्नु पर्ने आयोजनाको डिजाइनमा निर्धारण भएको विन्दुमा बाहेक कसैले कुनै थप प्रवेश विन्दु वा प्रस्थान विन्दु (बाइपास) निर्माण गरी वा खुलाई त्यस्तो राजमार्ग, द्रुतमार्ग वा सहायक मार्गमा जोड्न सक्ने छैन ।

(२) आयोजना कार्यालयले आयोजना स्थलको आवश्यकता अनुसार वा स्वीकृत डिजाईन अनुसार राजमार्ग, रेलमार्ग, द्रुतमार्गमा वा त्यसको कुनै सहायक मार्गको विभिन्न स्थानमा यात्रु तथा जनावरको सहज आवागमन वा सवारी प्रवेशको लागि सव वे, अन्डर पास वा ओभरहेड पुलको निर्माण गर्न सक्नेछ ।

(३) यस ऐन बमोजिम निर्माण भएको वा भईरहेको राजमार्ग, द्रुत मार्ग वा त्यसको कुनै सहायक मार्ग वा रेलमार्ग वा सिँचाईको नहरको दुवै तर्फ आवश्यकता अनुसार मानिस, जनावर वा वन्यजन्तु प्रवेश गर्न नसक्ने गरी तारबार, पर्खाल आदि निर्माण गरी सुरक्षित बनाउनु पर्नेछ ।

तर आयोजनाको डिजाइनमा निर्धारण गरिएको ठाउँमा त्यस्तो तारबार, पर्खाल आदि निर्माण गर्नु पर्ने छैन ।

६२. **अस्थायी तवरले सम्पत्ति प्राप्त गर्न सक्ने** : (१) आयोजना कार्यान्वयनको लागि कसैको चल, अचल सम्पत्ति निश्चित काममा केही समयको लागि उपयोग गर्न आवश्यक भएमा आयोजना कार्यालयले त्यस्तो सम्पत्ति अस्थायी तवरले प्राप्त गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम कसैको सम्पत्ति अस्थायी तवरले प्राप्त गरिएमा सोको भाडा वापत प्रचलित दर अनुसारको रकम आयोजना कार्यालयले सम्बन्धित कार्यालय, संस्था वा व्यक्तिलाई दिनेछ ।

६३. **कसूर तथा सजाय** : (१) देहायको कुनै कार्य गरेमा यस ऐन बमोजिम कसूर गरेको मानिनेछ :-

(क) जग्गा प्राप्तिको सिलसिलामा यस ऐन वा प्रचलित कानून बमोजिम कुनै काम गर्दा बाधा, विरोध वा हुल हुज्जत गरेमा,

(ख) आयोजना कार्यान्वयनको सिलसिलामा दफा ४९ बमोजिम स्थानीय निर्माण सामग्री प्रयोग गर्दा कुनै किसिमले बाधा, विरोध वा हुल हुज्जत गरेमा,

(ग) दफा ५१ विपरीत अनधिकृत प्रवेश गरेमा,

(घ) दफा ६० विपरीत आयोजना कार्यान्वयनमा अवरोध गरेमा वा सोही दफा बमोजिम जिल्ला प्रशासन कार्यालयले जारी गरेको प्रमाणपत्रको दुरुपयोग गरेमा,

(ङ) दफा ६१ विपरीत प्रवेश वा प्रस्थान विन्दु निर्माण गरेमा ।

(२) उपदफा (१) बमोजिमको कसूर गरेमा देहाय बमोजिमको सजाय हुनेछ :-

(क) खण्ड (क), (ख) वा (घ) बमोजिमको कसूर गरेमा तीन महिनासम्म कैद वा दश हजार रुपैयाँसम्म जरिबाना वा दुवै सजाय,

(ख) खण्ड (ग) बमोजिमको कुनै कसूर गरेमा पाँच हजार रुपैयाँसम्म जरिबाना,

(ग) खण्ड (ङ) बमोजिमको कसूर गरेमा एक लाख रुपैयाँसम्म जरिबाना ।

(घ) यस दफा बमोजिम सजाय गर्दा क्षति अनुसारको विगो समेत असुल उपर गरिनेछ।

(३) उपदफा (१) बमोजिमको कुनै काम भएमा कार्यकारी निर्देशक वा आयोजना कार्यालयको कुनै कर्मचारीले सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा उजुरी गर्न सक्नेछ।

(४) उपदफा (१) बमोजिमको कसूर सम्बन्धी मुद्दाको कारबाही र किनारा गर्ने अधिकार सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई हुनेछ ।

(५) उपदफा (१) को खण्ड (ङ) बमोजिमको कसूर भएकोमा त्यस्तो प्रवेश वा प्रस्थान विन्दु त्यस्तो कसूरदारको खर्चमा नै बन्द गराउनु पर्नेछ ।

(६) यस दफा बमोजिमको उजुरीको कारबाही र किनारा गर्दा संक्षिप्त कार्यविधि ऐन, २०२८ बमोजिमको कार्यविधि अपनाउनु पर्नेछ ।

६४. **पुनरावेदन सम्बन्धी व्यवस्था** : दफा ६३ बमोजिम प्रमुख जिल्ला अधिकारीले गरेको निर्णय उपर चित्त नबुझ्ने पक्षले पैंतीस दिनभित्र सम्बन्धित जिल्ला अदालतमा पुनरावेदन गर्न सक्नेछ ।

६५. **आवश्यक व्यवस्था मिलाउने** : आयोजना कार्यान्वयन समय तालिका बमोजिम आयोजना निर्माण सम्पन्न गर्न वा त्यसको गुणस्तर कायम गर्न कुनै बाधा अड्काउ परेमा निर्देशक समितिले त्यस्तो बाधा अड्काउ फुकाउन आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

६६. **<u>यस ऐन बमोजिम हुने</u>** : आयोजना कार्यान्वयन, निर्माण, विकास, समन्वय र व्यवस्थापन सम्बन्धी विषयमा यस ऐनमा लेखिएको कुरामा यसै ऐन बमोजिम र अन्य विषयमा प्रचलित कानून बमोजिम हुनेछ ।

६७. **<u>प्रचलित कानून बमोजम हुनेः</u>** यो ऐन बमोजिम कार्यान्वयन भईरहेका आयोजना यो ऐन बहाल रहने अबधी समाप्त भएपछि प्रचलित कानुन बमोजिम कार्यान्वयन गर्नु पर्नेछ।

६८. **<u>नियम बनाउन सक्ने</u>** : यो ऐन कार्यान्वयन गर्न नेपाल सरकारले आवश्यक नियम बनाउन सक्नेछ ।

६९. **<u>कार्यविधि बनाई लागू गर्न सक्ने</u>** : (१) यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियमको अधीनमा रही आयोजना कार्यान्वयनका लागि निर्देशक समितिले आवश्यक कार्यविधि बनाउन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम बनाएको कार्यविधि सर्वसाधारणको जानकारीको लागि आयोजना कार्यालयले सार्वजनिक गर्नु पर्नेछ ।